# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ६८ | काठमाडौं | सोमबार, १६ असार २०८२ | Prabhab National Daily | Monday, June 30, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–




बाँकेको खजुरा–३ धौलागिरि गुल्मिटोलको जनस्वास्थ्य आमा समूहका महिलाहरू आइतबार धान रोपेर २२औं राष्ट्रिय धान दिवस मनाउँदै ।

*तस्बिरः रासस*

निजामती विधेयकमा 'कुलिङ पिरियड'

# अवकाशलगत्तै लाभको पद लिने बाटो बन्द



आजीवन सार्वजनिक पदमा रहने अनि अवकाश हुनासाथ लाभको पदमा जाने प्रवृत्तिले समस्या ल्याएको ठानेर नै निजामती विधेयकमा 'कुलिङ पिरियड'को अवधारणा ल्याइएको हो ।

**■ रामहरि खतिवडा**
सभापति, राज्य व्यवस्था समिति

- अवकाशपछि दुई वर्ष पूरा नभइ राजकीय र संवैधानिक पद ग्रहण गर्न नपाइने
- ६० वर्ष उमेर हद कायम, सेवा प्रवेशमा महिलाको उमेर एक वर्ष घटाइयो
- स्थानीय तहका कर्मचारी एक पटकसम्म अन्तरप्रदेश सरूवा हुन पाउने
- निजामती कर्मचारीको १५ तह कायम, अतिरिक्त सचिवको व्यवस्था
- मुख्यसचिव र सचिव विशिष्ट श्रेणीमा
- सरूवालाई अनुमानयोग्य बनाइने
- सहसचिवमा खुला प्रतिस्पर्धा हटाइयो
- ट्रेड युनियनको अधिकार यथावत्

**■ जेबी योञ्जन**

**काठमाडौं–** निजामती कर्मचारीले अब अवकाशलगत्तै राजकीय र संवैधानिक जिम्मेवारी लिन नपाइने भएको छ ।

आइतबार प्रतिनिधिसभाले अवकाशपछि राजकीय र संवैधानिक जिम्मेवारी लिन दुई वर्ष 'कुलिङ पिरियड'को व्यवस्था गर्दै राज्य व्यवस्था तथा सुशासन समितिले पेस गरेको प्रतिवेदनसहित 'संघीय निजामती सेवा विधेयक, २०८०' पारित गरेको हो । यसअघि कुलिङ पिरियडको व्यवस्था थिएन । यस्तो व्यवस्था नभएकै कारण उच्च पदस्थ सरकारी कर्मचारीले अवकाशलगत्तै राजकीय र संवैधानिक जिम्मेवारी लिने गरेका थिए ।

संसद्को राज्य व्यवस्था तथा सुशासन समिति सभापति रामहरि खतिवडाले अवकाश हुनासाथ लाभको पदमा जाने कर्मचारीको प्रवृत्तिले समस्या पारेको कारण कुलिङ पिरियड राखिएको बताए । 'आजीवन सार्वजनिक पदमा रहने अनि अवकाश हुनासाथ लाभको पदमा जाने प्रवृत्तिले समस्या ल्याएको ठानेर नै निजामती विधेयकमा कुलिङ पिरियडको अवधारणा ल्याइएको हो,' उनले सञ्चारकर्मीहरूसँगको कुराकानीमा भने ।

मुख्यसचिव एकनारायण अर्यालकै नेतृत्वमा सचिवहरू कुलिङ पिरियड राख्न नहुने भन्दै लबिइङमा जुटेका थिए ।

क्रमशः पृष्ठ २ मा

# राजनीति मोहले विवादमा पूर्वराष्ट्रपति भण्डारी



एकचोटि राष्ट्रको साझा नेतृत्व सम्हालेपछि पुनः कुनै दल विशेषको पक्षमा उभिनु पदको गरिमाविपरीत हुन्छ । कांग्रेसको स्पष्ट मान्यता छ– पूर्वराष्ट्रपतिलाई फेरि पार्टीको सक्रिय भूमिकामा ल्याउनु उपयुक्त हुँदैन ।

**■ डा. प्रकाशशरण महत**
प्रवक्ता, नेपाली कांग्रेस



सम्माननीय पदमा पुगिसकेको व्यक्तिको आफ्नो चाहना हो । संविधानले कहीँ रोकेजस्तो लाग्दैन । उहाँको आफ्नै निर्णय हो जस्तो लाग्छ ।

**■ हितराज पाण्डे**
प्रमुख सचेतक, माओवादी केन्द्र



**■ प्रभाव संवाददाता**

**काठमाडौं–** गत कात्तिकमा पूर्वउपराष्ट्रपति नन्दकिशोर पुन एकाएक सक्रिय राजनीतिमा फर्किए । त्यतिबेलाबाटै चर्चामा थियो पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पनि सक्रिय राजनीतिमा फर्कने विषय । कतिपयले भण्डारी राजनीतिमा नफर्कने भन्दै बाँकी कुरा 'हल्ला' भएको दाबी गरेका थिए । तर अन्ततः हल्ला नभएर पूर्वराष्ट्रपति भण्डारीले एमालेको सदस्यता नवीकरण गरेको घोषणा गरिन् ।

'पार्टी सदस्यता नवीकरण गरेको छु । एमालेको एक सदस्यको रूपमा पुनः जोडिएको छु,' शनिबार मदन भण्डारी फाउण्डेसनले राष्ट्रिय सभागृहमा आयोजना गरेको कार्यक्रममा भनिन् ।

एमालेमा फर्कंदा नेता कार्यकर्ताको भव्य स्वागत भयो विद्यालाई । अझ उनले दिवंगत श्रीमान् मदन भण्डारीको भनाइ उद्धृत गर्दै भनिन्, 'देश र जनताको हित नै मेरो ध्येय र लक्ष्य हो । जननेताले भन्ने गर्नुहुन्थ्यो– जनता भनेका भगवान् हुन् । साथै उहाँले भन्नुभएको थियो– राजनीतिमा थकाइ भन्ने शब्दावली हुँदैन ।'

यसरी भण्डारी बोल्दै गर्दा राष्ट्रिय सभागृहमा गडगडाहट ताली बजेको थियो । नेकपा माओवादी केन्द्रमा पूर्वउपराष्ट्रपति पुनको स्वागत यसरी भएको थिएन । विवादकाबीच माओवादीमा इण्ट्री मारेका पुन माओवादीको आर्थिक उत्पादन संयन्त्रको इञ्चार्ज पद पाइसकेका छन् । तर पूर्वराष्ट्रपति भण्डारीले भने कुनै जिम्मेवारी लिइसकेकी छैनन् । एमालेमा उपाध्यक्ष बनिसकेकी उनलाई कतिपयले अबको अध्यक्षको दाबेदारको रूपमा लिएका छन् । भण्डारीलाई एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष सुरेन्द्र पाण्डेलगायतले साथ दिँदै आएका छन् ।

सामान्यतः राष्ट्रपतिलाई उच्च ओहोदाको पद मानिन्छ । पूर्वराष्ट्रपतिले मासिन ५० हजार तलब पाउँछन् । यतिमात्र हैन आवास सुविधाअन्तर्गत मासिक दुई लाख रूपैयाँ पनि पाउँछन् । पूर्वराष्ट्रपतिलाई सरकारले सचिवालयको सुविधा पनि उपलब्ध गराउँछ । जसमा उपसचिवस्तको निजी सचिव, सवारी चालक, कार्यालय सहयोगीसमेत हुन्छन् । यतिमात्र हैन पत्रपत्रिका, बिजुलीलगायतको बिल र स्वास्थ्य उपचारमा पनि सेवासुविधा उपलब्ध गराउँछ । यसैगरी सुरक्षा व्यवस्था पनि उपलब्ध हुन्छ । यता पूर्वउपराष्ट्रपतिले भने घरबहालस्वरूप मासिक ७५ हजार रूपैयाँ र मासिक वृत्ति ४० हजार रूपैयाँ पाउँछन् ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# 'रूट इण्डस्ट्री'तर्फको अन्तर्वार्ताका लागि ९० जना छानिए

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** दक्षिण कोरियाको 'रुट इण्डस्ट्री'का लागि आवेदन दिएकामध्ये ९० जना अन्तर्वार्ताका लागि छनोट भएका छन् । कोरियाले गत जेठमा खुलाएको ५० जनाको कोटाका लागि एक हजार २६३ जनाले आवेदन दिएका थिए । जसमध्ये ९० जना अन्तर्वार्ताका लागि छनोट भएको वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले जानकारी दिएको छ ।

'रुट इण्डस्ट्री'को वेल्डिङ क्षेत्रका लागि संक्षिप्त सूचीमा छनोट भएका ९० जना नै पुरुष रहेका छन् । उत्पादनसँग सम्बन्धित यो क्षेत्रमा धातुसँग सम्बन्धित काम गर्नुपर्छ । विभिन्न उपकारण बनाउन चाहिने अत्यावश्यक पार्टपुर्जा बनाउन धातुलाई पगाल्ने र विभिन्न आकार दिने काम यस क्षेत्रमा गरिन्छ ।

आवेदकले पेस गरेको कागजातका आधारमा अंक प्रदान गरी संक्षिप्त सूची निकालिएको इपिएस शाखाद्वारा प्रकाशित सूचनामा जनाइएको छ । जसमा सबैभन्दा बढी अंक ६८ ल्याउने चार जना छन् । सबैभन्दा कम अंक ५३ ल्याउने १५ जना छन् । सूचीमा सबैभन्दा बढी आवेदकको ५५ अंक आएको शाखाले जनाएको छ ।




- एक हजार २६३ जनाले आवेदन दिएकामा ९० जना 'सर्ट लिस्ट'मा
- कोही उम्मेदवारलाई आफू पनि 'सर्ट लिस्ट'मा पर्नुपर्ने तर छुट भएको लागेमा प्रमाणसहित भोलि मंगलबार दिउँसो १२ बजेसम्म दाबी गर्न सकिने
- आवेदकलाई मूल्यांकन समितिले छनोटका लागि योग्य ठहऱ्याए उनीहरूको नाम पनि अन्तर्वार्ताका लागि समावेश गरिने

शाखाले अन्तर्वार्ताको स्थान र मितिबारे अर्को सूचनामार्फत जानकारी गराउने बताएको छ । यदि कोही उम्मेदवारलाई आफू पनि 'सर्ट लिस्ट'मा पर्नुपर्ने तर छुट भएको लागेमा प्रमाणसहित भोलि असार १७ गते दिउँसो १२ बजेसम्म दाबी गर्न भनिएको छ । त्यस्ता आवेदकलाई मूल्यांकन समितिले छनोटका लागि योग्य ठहऱ्याए उनीहरूको नाम पनि संक्षिप्त सूचीमा समावेश गरिने जनाइएको छ ।

सूचनामा सक्कल प्रमाणपत्र नभए अन्तर्वार्तामा सहभागी हुन नपाइने जनाइएको छ । 'संक्षिप्त सूचीमा परेका व्यक्तिहरूले अन्तर्वार्तामा उपस्थित हुँदा अनिवार्यरूपमा आफ्नो सक्कल नागरिकता, राहदानी, लब्धांक प्रमाणपत्र, मूल प्रमाणपत्र, चारित्रिक प्रमाणपत्रका साथै अनुभव, तालिमलगायत सम्पूर्ण कागजातको सक्कल कपी नै साथमा लिई अन्तर्वार्तामा उपस्थित हुनुपर्ने छ,' सूचनामा भनिएको छ ।

अन्तर्वार्तापछि योग्यताक्रमका आधारमा ५० जना छनोट गरिने जनाइएको छ । पाँच जनालाई भने वैकल्पिक उम्मेदवारको रूपमा छनोट गरिने सूचनामा भनिएको छ । यदि ५० जनामध्ये कोही तालिममा अनुपस्थित भए वैकल्पिक उम्मेदवारको योग्यताक्रमको आधारमा तालिममा सहभागी गराइने उल्लेख छ । छनोट भएका उम्मेदवारलाई रूपन्देही जिल्लाको बुटवलस्थित कोरिया–नेपाल बहुप्राविधिक शिक्षालयमा १२० घण्टाको वेल्डिङ र १२० घण्टाको कोरियन भाषा तालिम दिइन्छ । तालिममा कम्तीमा पनि ८० प्रतिशत उपस्थित भएको र सो क्रममा लिइएको परीक्षामा ६० प्रतिशतभन्दा बढी अंक प्राप्त गर्नुपर्ने प्रावधान छ ।

उक्त तालिमका लागि लाग्ने शुल्क भने व्यक्ति स्वयंले व्यहोर्नुपर्ने भनिएको छ । आवासीय सेवा नलिए न्यूनतम ५५ हजार ५०० रूपैयाँ शुल्क र आवासीय सेवा लिनुपरे न्यूनतम ८८ हजार रूपैयाँ तिर्नुपर्ने जनाइएको छ ।

क्रमशः पृष्ठ २ मा


## प्रेस विज्ञप्ति

नेपालका सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीहरूको साझा हित, अधिकार र सम्मानको रक्षाका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघ सदैव प्रतिवद्ध छ । सीमित व्यक्तिहरूले मलेसियाको रोजगारी आफ्नो नियन्त्रणमा लिन खोज्ने कुनै पनि सिण्डिकेट वा एकाधिकार प्रवृत्ति कुनै पनि हालतमा संघलाई स्वीकार्य छैन र त्यस्ता प्रयासहरु विफल बनाउन कुनै पनि कसर बाँकी राख्ने छैन भन्ने प्रतिबद्धतासमेत आम व्यवसायीहरूमाझ राख्न चाहन्छौं ।

नेपालको संविधान २०७२ को धारा १७ को उपधारा २ (च) मा नेपाली नागरिकले आफ्नो औद्योगिक, व्यावसायिक तथा व्यापारिक क्रियाकलाप निर्वाध रूपमा गर्न पाउने विषय उल्लेख गरिएको छ । साथै प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार सुरक्षा ऐन २०६३ को भाग २ मा प्रतिस्पर्धालाई संकुचित गर्ने कुनै पनि व्यावसायिक क्रियाकलाप गर्न नपाउने व्यवस्था रहेको छ । यस सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मिति २०८१/११/१९ र २०८२/०२/११ मा दुई पटक र संघबाट समेत मिति २०८२/०१/२१ गते विज्ञप्ति जारी गरिएको छ । संघका प्रतिनिधि र नेपालस्थित मलेसियन राजदूतावासका प्रतिनिधिबीच भएको भेटवार्ता अनुसार मलेसियन सरकार पनि सिण्डिकेटको विपक्षमा रहेको हुँदा कुनै पनि हालतमा सिण्डिकेट लागू हुन नसक्ने र स्वीकार्य पनि नहुने भएकोले हाल केही व्यवसाय विरोधी कूतत्वहरूले व्यवसायीलाई भ्रम सिर्जना गरी सिण्डिकेटको हल्ला फिजाइएको भन्ने सुन्नमा आएकाले यस्ता हल्लाको पछि नलाग्नुहुन आम व्यवसायीज्यूहरूलाई नेपाल वैदेशिक रोजगार व्यवसायी संघ यसै विज्ञप्तिमार्फत जानकारी गराउँदछ ।

**भुवन सिंह गुरुङ**
अध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल -७, काठमाडौं, फोन नं. ०१-४५२०२६९/४५२४४१८

पृष्ठ १ बाट क्रमश:

## राजनीति मोहले...

भण्डारी र पुन दोहोरिएर उक्त पदमा रहिसकेका व्यक्ति हुन् । औपचारिक रूपमा राजतन्त्रको अन्त्य भएपछि डा. रामवरण यादव गणतान्त्रिक नेपालका प्रथम राष्ट्रपति र तत्कालीन मधेसी जनअधिकार फोरमका तर्फबाट परमानन्द झा प्रथम उपराष्ट्रपति बनेका थिए ।

यादव र झाको कार्यकाल २०६५ साउन ८ देखि २०७२ कात्तिक ११ सम्म थियो । भण्डारी र पुनको पहिलो कार्यकाल २०७२ देखि २०७४ र दोस्रो कार्यकाल २०७४ फागुन ३० देखि २०७९ फागुन २९ रह्यो ।

गणतान्त्रिक मुलुकहरूमा सर्वोच्च दुई पद नै राष्ट्रपति र उपराष्ट्रपति हुन् । प्रधानमन्त्री कार्यकारी हुने र संघीय संसद् प्रभावशाली हुने व्यवस्था रहेको नेपालमा राष्ट्रपति र उपराष्ट्रपति पदीय मर्यादामा क्रमश: पहिलो र दोस्रो नम्बरमा पर्छन् । पदीय वरीयताक्रममा सबैभन्दा माथिल्लो पद भएका कारण राष्ट्रपति र उपराष्ट्रपतिको जिम्मेवारीमा रहिसकेका व्यक्ति सामान्यतया: सक्रिय राजनीतिमा फर्किंदैनन् । कांग्रेसले विद्याको 'कमब्याक'लाई पदको गरिमाविपरीत भनेको छ ।

आइतबार बिहान पार्टीको पदाधिकारी बैठकपछि कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले राष्ट्रपति भइसकेका व्यक्तिले पदीय गरिमा राख्नुपर्ने बताएका हुन् । 'राष्ट्रपतिका रूपमा राष्ट्रको सर्वोच्च पद सम्हालेको व्यक्तिले त्यो पदको मर्यादा कायम राख्नुपर्ने हुन्छ,' प्रवक्ता महतले भने, 'त्यसैले कांग्रेस पार्टीको स्पष्ट मान्यता छ- पूर्वराष्ट्रपतिलाई फेरि पार्टीको सक्रिय भूमिकामा ल्याउनु उपयुक्त हुँदैन ।'

राष्ट्रपति साझा पद भएकोले पनि दलको पक्षमा उभिनु पदको गरिमाविपरीत भएको उनको भनाइ थियो । 'एकचोटि राष्ट्रको साझा नेतृत्व सम्हालेपछि पुन: कुनै दल विशेषको पक्षमा उभिनु पदको गरिमाविपरीत हुन्छ,' महतले भने ।

यता प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रले भने संविधानले राजनीतिमा लाग्न रोकतोक नलगाएको दाबी गरेको छ । माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले यो व्यक्तिगत इच्छासमेत भएको तर्क गरे । 'सम्माननीय पदमा पुगिसकेको व्यक्तिको आफ्नो चाहना हो । संविधानले कहीँ रोकेजस्तो लाग्दैन । उहाँको आफ्नै निर्णय हो जस्तो लाग्छ,' पाण्डेले भने ।

■ ■ ■

## अवकाशलगत्तै...

भनिन्छ, उनीहरूले प्रधानमन्त्री केपी शर्मा ओलीलाई नै प्रभावित पारेका थिए । नभन्दै प्रधानमन्त्री ओली कुलिङ पिरियडको विरुद्धमा बोल्थे । तर, आइतबार सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताले पेस गरेको निजामती विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रतिनिभिाबाट पारित भयो ।

कुलिङ पिरियड भनेको अवकाश पाएपछि कति समयसम्म अर्को सरकारी नियुक्ति नलिने भन्ने व्यवस्था हो । यो व्यवस्थाको आधारमा राजपत्रांकित विशिष्ट वा प्रथम श्रेणीको पदबाट अवकाश लिएको मितिले दुई वर्षसम्म नेपाल सरकारको पूर्वस्वीकृति नलिई नियुक्ति लिन पाइँदैन । अर्थात्, नयाँ व्यवस्थाअन्तर्गत नेपाल सरकारको सचिव वा सहसचिव पदबाट अवकाश पाएको दुई वर्षसम्म संवैधानिक, कूटनीतिक, अन्तरसरकारी, अन्तर्राष्ट्रिय विकास साझेदारबाहेकका निकायमा सरकारी स्वीकृतिविना नियुक्ति हुन पाइँदैन ।

अवकाश भएको एक वर्षभित्र बहाल रहेको निकायको कार्यक्षेत्रसँग सम्बन्धित संस्था वा त्यस्तो निकायले नियमन गर्ने संस्थाको कर्मचारी वा परामर्शदाताको रूपमा काम गर्न पाइने छैन । यदि, सरकारको स्वीकृति नलिई कुलिङ पिरियडभित्र नियुक्ति खाने कर्मचारीले निजामती ऐनले तोकेको सेवा सुविधा पाउने छैनन् । अवकाश पाएको कम्तीमा दुई वर्षभित्रै नियुक्ति लिए त्यस्ता कर्मचारीको पेन्सन तथा अन्य सरकारी सुविधासमेत खोसिने प्रावधान विधेयकमा छ ।

यसअघि निजामती प्रशासनको उपल्लो दर्जामा रहेका कर्मचारीले अवकाश हुनासाथ राजकीय वा संवैधानिक पदमा नियुक्ति लिन्थे । जस्तो, १५ असोज २०७७ मा बेलायतको राजदूत हुने निश्चितजस्तै भएपछि लोकदर्शन रेग्मीले मुख्यसचिवबाट राजीनामा दिए, जतिबेला उनको पदावधि १५ दिन बाँकी थियो । पदावधि बाँकी छँदै उनले दिएको राजीनामाले अवकाशको मुखैमा परराष्ट्रसचिव शंकरदास बैरागीलाई त्यतिबेला मुख्यसचिव हुने बाटो खुल्यो । अनि, तत्कालीन मुख्यसचिव बैरागीले पनि पदावधि केही महिना बाँकी छँदै पद छाडेर राष्ट्रिय सुरक्षा सल्लाहकार भए । अवकाश हुन दुई दिन बाँकी रहेका सचिव डा. बैकुण्ठ अर्यालले मुख्यसचिवको जिम्मेवारी पाए । यी त नियुक्तिसँग जोडिएको प्रतिनिधिमूलक घटना हुन् । यस्तो प्रवृत्ति कर्मचारीतन्त्रमा मौलाएको छ । संसद् होस् वा सडक जहाँबाट पनि कर्मचारीको यस्तो प्रवृत्तिको विरोध भयो । यहीबीच दुई वर्ष कुलिङ पिरियड राख्नेगरी विधेयक पारित भएको हो ।

विधेयकमा ६० वर्ष उमेर हद पनि कायम गरिएको छ । यसबाहेक विधेयकले तल्ला तहमा विज्ञापन खोल्न बन्देज लगाएको छ । यसको विरोधमा आइतबार विधेयक पारित हुँदा आम जनता पार्टीका अध्यक्ष प्रभु साहले विधेयक च्यातेका थिए । उनले भने, 'अब गरिबले लोक सेवा दिन नपाउने ? कि त भन्नुपर्‍यो । अब कसैले ट्वाइलेट सफा गर्ने छैन । पियनको काम कसैले गर्ने छैन । ड्राइभरको काम कसैले गर्ने छैन । गर्ने छ भने तिनको जीवन जीवन होइन ?'

विधेयकमा सेवा प्रवेशमा महिलाको उमेर एक वर्ष घटाइएको छ । निजामती सेवा ऐन २०४९ अनुसार महिलाले ४० वर्षसम्म निजामती सेवामा प्रवेश पाउने व्यवस्था थियो । पुरुषको हकमा भने ३५ वर्ष कायम थियो । ४० वर्षमा सेवा प्रवेश गर्दा पेन्सनको समस्या थियो । किनकि पहिले ५८ वर्षको उमेर हद कायम थियो । आइतबार प्रतिनिधिसभाबाट पास गरेको विधेयकमा महिलाको सेवा प्रवेशका लागि परीक्षा दिन पाउने उमेर एक वर्ष घटाएर ३९ वर्ष कायम गरिएको छ ।

स्थानीय तहका कर्मचारी एकपटक अन्तरप्रदेश सरुवा हुन पाउने व्यवस्था पनि विधेयकमा छ । स्थानीय तह र प्रदेशमा काम गरिरहेका कर्मचारीहरूले १० वर्षपछि सरुवा हुन पाउने छन् । दुई प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमतिका आधारमा यस्तो सरुवा गर्न पाइने व्यवस्था गरिएको हो । त्यस्तै, पालिकाको प्रमुख कार्यकारी अधिकृत १० वर्षसम्म संघको कर्मचारी हुने छन् । त्यसपछि प्रदेशको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृत बनाउने व्यवस्था विधेयकमा गरिएको छ ।

विधेयकमा १५ वटा तह कायम गरिएको छ । सबैभन्दा माथिल्लो तहको मुख्यसचिव पद १५औं तहको मानिने छ । यसअघि श्रेणीमार्फत काम हुँदै आएको थियो । विधेयकमा राजपत्र अनंकित पाँचौं श्रेणीलाई सहायक पहिलो, राजपत्र अनंकित चतुर्थ श्रेणीलाई सहायक दोस्रो, राजपत्र अनंकित तृतीय श्रेणीलाई सहायक तेस्रो, राजपत्र अनंकित द्वितीय श्रेणीलाई सहायक चौथो तथा राजपत्र अनंकित प्रथम श्रेणीलाई सहायक पाँचौं नामकरण गरिएको छ ।

राजपत्रांकित तृतीय श्रेणीलाई अधिकृत सातौं र आठौं राजपत्रांकित द्वितीय श्रेणीलाई अधिकृत नवौं र दशौं तथा राजपत्रांकित प्रथम श्रेणी (सहसचिव)लाई अधिकृत ११औं र १२औं तह बनाइएको छ । अतिरिक्त सचिवलाई १३औं, सचिवलाई १४औं र मुख्यसचिवलाई १५औं तहमा रूपान्तरण गर्ने व्यवस्था गरिएको छ ।

विधेयकमा यसअघि असफल भएको व्यवस्थालाई ब्युँताउने व्यवस्था पनि राखिएको छ । तहगत प्रणाली अनुसार १३औं तहमा अतिरिक्त सचिवको व्यवस्था गरिएको छ । अतिरिक्त सचिव पदमा भने पदावधिको व्यवस्था गरिएको छैन ।

यस्तै, यसअघिसम्म मुख्यसचिव र सचिवलाई विशिष्ट श्रेणीमा राखिएको थियो । विधेयकमा तीनवटा विशिष्ट श्रेणीका पद राख्ने व्यवस्था गरिएको छ । थपिएको अतिरिक्त सचिवलाई पनि विशिष्ट श्रेणीमा राखिएको हो । विधेयकमा अधिकृत १५औं तहका निजामती कर्मचारीको पदावधि दुई वर्ष हुने र अधिकृत १५औं तहका कर्मचारीको पदावधि चार वर्ष हुने भनिएको छ । हाल मुख्य सचिवको सेवा अवधि तीन वर्ष छ ।

विधेयकमा सहसचिवमा खुला प्रतिस्पर्धा हटाइएको छ । अहिलेसम्म खुला प्रतिस्पर्धाबाट सहसचिव लड्न पाउने व्यवस्था रहेकोमा यो विधेयक पास भएपछि खुलामा सहसचिव लड्न पाइने छैन । त्यस्तै, नासुलाई श्रेणीमा लगिएपछि नयाँ विज्ञापन खुल्ने छैन । खरिदार तहमा खुला प्रतिस्पर्धा हुने छ भने खरिदार तहमा कक्षा १२ उत्तीर्ण हुनुपर्ने छ । शाखा अधिकृतमा पनि खुला प्रतिस्पर्धा गर्न पाइने छ । उपसचिवमा भिड्न शाखा अधिकृत भएको सात वर्ष पुग्नुपर्ने भएको छ । यसअघि शाखा अधिकृत भएको पाँच वर्ष पूरा भएपछि उपसचिवमा प्रतिस्पर्धा गर्न पाइन्थ्यो ।

विधेयकमा सरुवालाई अनुमानयोग्य बनाउने प्रयास पनि गरिएको छ । तर, न्यूनतम एक वर्ष सरुवा गर्न नमिल्ने प्रावधान विधेयकमा छ । विधेयकमा निजामती कर्मचारीले लोकसेवा आयोगको तयारी कक्षामा पढाउन नपाइने व्यवस्था छ । तर, निजामती कर्मचारीहरूलाई ट्रेड युनियनको अधिकार भने विधेयकमा यथावत् राखिएको छ ।

■ ■ ■

## 'रुट इण्डस्ट्री'...

तालिममा सहभागी भएर रोस्टर सार्वजनिक भएपछि पनि रोजगारदाताको छनोटमा नपरेसम्म कोरिया जाने निश्चित भने नहुने भनिएको छ ।

नेपालीहरूको आकर्षक रोजगार गन्तव्यका रूपमा रहेको दक्षिण कोरियाले सन् २००८ देखि जिटुजीमार्फत नेपालीहरू लग्दै आएको छ । सन् २०२३ सम्म कृषि तथा पशुपालन, उत्पादनमूलक क्षेत्र र सिप बिल्डिङ (जहाज निर्माण)मा मात्र श्रमिकहरू लग्दै आएको थियो भने २०२४ बाट रुट इण्डस्ट्री, वन तथा सेवा क्षेत्रका लागि पनि नेपालीहरू लग्न थालेको हो । यस वर्षजस्तै अघिल्लो वर्ष पनि 'रुट इण्डस्ट्री'का लागि ५० जना छनोट गरिएको थियो । यो क्षेत्रमा पनि नेपाल सरकार र कोरिया सरकारबीच भएको समझदारीपत्र अनुरूप इपिएस प्रणालीअन्तर्गत श्रमिक लग्ने गरिन्छ ।


### युएइमा रोजगार

कम्पनी : PAIMANTECH GLASS & ALUMINUM INSTALLATION & MAINTENANCE CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८२/03/१३ — LT. No. 326313 — चलानी नं. ६०२४०३३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 6 | 0 | 900 | ३३,५१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Power Tool Technician | 2 | 30 | 1000 | ३७,२३६ | | | | | | | |
| 3 | Scaffolder | 3 | 0 | 1200 | ४४,६८३ | | | | | | | |
| 4 | Welder | 2 | 0 | 1400 | ५२,१३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २३ गते (7th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११७७/०७३/०७४

Pari Overseas Pvt. Ltd.

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



### ओमन/युएईमा रोजगार

कम्पनी : AL RAFAH NATIONAL LLC

पूर्व स्वीकृति मिति : २०८२/03/१३ — LT. No. 326344 — चलानी नं. ६०२४०३७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dish Washer/kitchen Helpers | 2 | 0 | 130 | ४६,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter - Coffee Shop | 5 | 0 | 160 | ५६,९०५ | | | | | | | |

कम्पनी : JUST FOR YOU BUILDING CLEANING SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/03/१३ — LT. No. 326323 — चलानी नं. ६०२४०३७१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 0 | 5 | 1000 | ३७,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sales Officer | 1 | 0 | 5000 | १८६,१७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार १३ गते (27th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License 948/067/068

Opus Manpower Pvt. Ltd. (Mimosa Overseas Pvt.Ltd)

Samakhusi, Townplanning-26, Kathmandu Near Big Mart , Landline No : 01-4957256, Mob:9851100368, 9812569634 E-mail info@opusmanpower.com



### साउदीमा रोजगार

कम्पनी : SHAWATINA GENERAL CONT.EST .

पूर्व स्वीकृति मिति : २०८२/03/१३ — LT. No. 326378 — चलानी नं. ६०२४०३८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 9 | 0 | 1000 | ३६,४६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL WEAM AL EMAAR GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/03/१३ — LT. No. 326377 — चलानी नं. ६०२४०३८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION LABOURS | 1 | 0 | 1000 | ३६,४६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २३ गते (7th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


SUN RAY GLOBAL OVERSEAS PVT. LTD.

Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202, Email: sunray918@gmail.com, srgoverseas@gmail.com

LIC No. 918/067/68


### बोलपत्रद्वारा वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०३/१६**

यस ज्यामिरे कालिका सामुदायिक वन उपभोक्ता समूह मनहरी, ९ मकवानपुरले आ.व. २०८१/८२ मा स्वीकृत वन कार्ययोजना अनुसार वन क्षेत्रको ढलापडा तथा सुखडखडा रूखहरूबाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी बाँकी रहेको साल समेतको गोलिया थान ६५१ को ५०५२.३० क्युफि. काठ र दाउरा १९.०० चट्टा समेत गरी बोलपत्र मार्फत लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा जे जस्तो अवस्थामा छ सोही अवस्थामा नै आफ्नै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको इच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र खरिद गरि २२ औं दिन दिनको १२ बजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**श्री ज्यामिरे कालिका सामुदायिक वन उपभोक्ता समूह**
**मनहरी ९ मकवानपुर**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### कम्पनी दर्ता खारेजी गरिएको सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०३/१५**

यस कार्यालयमा मिति २०७४/०४/३२ मा दर्ता भएको प्रा.लि.नं. **१७३२४१** को **कन्सल्टीङ्ग इन्जिनियर्स नेटवर्क प्राइभेट लिमिटेड** नामक कम्पनी यस कर्यालयको मिति २०८१/१२/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### कम्पनी दर्ता खारेजी गरिएको सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०३/१५**

यस कार्यालयमा मिति २०७७/१२/१२ मा दर्ता भएको प्रा.लि.नं. **६२०२९५** को **ग्लोबल फास्ट लाइन एक्सप्रेस प्राइभेट लिमिटेड** नामक कम्पनी यस कर्यालयको मिति २०८१/१०/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### कम्पनी दर्ता खारेजी गरिएको सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति: २०८२/०३/१५**

यस कार्यालयमा मिति २०७४/०४/३२ मा दर्ता भएको प्रा.लि.नं. **१७३२४०** को **इन्जिनियरिङ्ग टेक्नोलोजी एण्ड रिसर्च एसोसियसन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कर्यालयको मिति २०८१/१२/०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**सोमबार, १६ असार, २०८२**

| | |
|---|---|
| **मेष** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृष** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मिथुन** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **कर्कट** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **सिंह** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कन्या** | रोकिएका काम सम्पादन हुनेछ । |
| **तुला** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृश्चिक** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **धनु** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **मकर** | मिहिनेत गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **कुम्भ** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **मीन** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१६ असार , २०८२ (३० जुन, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.४७ | १३७.०७ |
| युरो | १ को | १५९.९० | १६०.६० |
| पाउन्ड स्टिर्लङ | १ को | १८७.३९ | १८८.२२ |
| स्विस फ्रैन्क | १ को | १७०.९० | १७१.६५ |
| अस्ट्रेलियन डलर | १ को | ८९.२० | ८९.६० |
| क्यानाडियन डलर | १ को | ९९.९७ | १००.४१ |
| सिङ्गापुर डलर | १ को | १०६.९९ | १०७.४६ |
| जापानी येन | १० को | ९.४४ | ९.४८ |
| चिनियाँ युआन | १ को | १९.०३ | १९.११ |
| साउदी अरब रियाल | १ को | ३६.३९ | ३६.५५ |
| कतारी रियाल | १ को | ३७.३४ | ३७.५० |
| थाई भाट | ख १ को | ४.१८ | ४.२० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१६ | ३७.३२ |
| मलेसियन रिङेट | १ को | ३२.२७ | ३२.४१ |
| दक्षिण कोरियन वन | १०० को | १०.०३ | १०.०८ |
| स्विडिस क्रोनर | १ को | १४.४० | १४.४६ |
| डेनिस क्रोनर | १ को | २१.४३ | २१.५३ |
| हङकङ डलर | १ को | १७.३८ | १७.४६ |
| कुवेती दिनार | १ को | ४४६.२२ | ४४८.१८ |
| बहराइन दिनार | १ को | ३६१.७५ | ३६३.३४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# उपभोक्ता अदालतको कारबाहीप्रति चिकित्सक संघको आपत्ति




**काठमाडौं (प्रस)–** नेपाल चिकित्सक संघले उपभोक्ता अदालतले चिकित्सकीय अभ्याससम्बन्धी मुद्दामा गरेको कारबाहीको निर्णयप्रति गम्भीर आपत्ति जनाएको छ । संघले चिकित्सा पेसालाई अत्यन्त संवेदनशील, वैज्ञानिक र नैतिक सेवा भएको बताउँदै यसलाई अन्य व्यवसायजस्तो मूल्यांकन गरी निर्णय गर्नु अस्वीकार्य हुने जनाएको छ ।

संघले जारी गरेको प्रेस विज्ञप्तिमा चिकित्सकीय सेवा कुनै उपभोक्ता वस्तु नभएको र उपचारमा देखिने जटिलता वा प्रतिकूल असरका लागि चिकित्सकलाई मात्र दोषी ठहऱ्याएर कारबाही गर्नु न्यायसंगत नभएको उल्लेख छ । यस्ता निर्णयले स्वास्थ्य प्रणालीमा अविश्वास फैलाउने र चिकित्सकहरूलाई त्रसित बनाउने संघको दाबी छ । बिरामीको उपचारमा लापरवाही गरेको भन्दै उपभोक्ता अदालतले पछिल्लो समय केही दिनअघि मात्रै ग्राण्डी अस्पताल र चिकित्सकमाथि ५७ लाख १९ हजार रूपैयाँ क्षतिपूर्तिसहित कारबाहीको फैसला गरेको थियो ।

यस्तै, हिमाल अस्पताल र त्यहाँ कार्यरत चिकित्सकलाई पनि एक करोड ४५ लाख रूपैयाँ क्षतिपूर्ति तिराउने उपभोक्ता अदालतले फैसला गरेको थियो । संघका महासचिव डा. सञ्जीव तिवारीद्वारा जारी विज्ञप्तिमा नेपाल मेडिकल काउन्सिलजस्ता नियामक निकायलाई बेवास्ता गरी उपभोक्ता अदालतले गरेको कानुनी हस्तक्षेपले चिकित्सा क्षेत्रमा अन्योल सिर्जना गरेको र यस्ता विषयमा नेपाल मेडिकल काउन्सिलबाट मात्र मूल्यांकन हुनुपर्ने माग गरिएको छ । संघले उपभोक्ता अदालतलाई उक्त निर्णय पुनरावलोकन गर्न र स्वास्थ्य मन्त्रालयलगायत सरोकारवाला निकायलाई तत्काल ध्यान दिन आग्रह गरेको छ ।


चिकित्सकहरूलाई सुरक्षित वातावरणमा काम गर्ने अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिँदै संघले यस्तो वातावरण नभएमा स्वास्थ्य सेवामा गम्भीर असर पर्न सक्ने चेतावनी दिएको छ । साथै, जनस्वास्थ्यमा असर पार्नेगरी चिकित्सकहरूलाई अनावश्यक डरको वातावरणमा काम गर्न बाध्य पार्ने कुनै पनि प्रयास अस्वीकार्य हुने संघको ठहर छ । यस विषयमा प्रधानमन्त्री, गृहमन्त्री, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री, स्वास्थ्य तथा जनसंख्यामन्त्री, महान्यायाधिवक्तालगायत सरोकारवाला निकायको ध्यानाकर्षण गराएको संघले जनाएको छ ।

# पूर्वानुमानपछिको पूर्वसूचनालाई प्रभावकारी बनाइने

**काठमाडौं (प्रस)–** राष्ट्रिय विपद् व्यवस्थापन परिषद्ले विपद् जोखिमलाई ध्यान दिँदै मौसम पूर्वानुमानपछिको पूर्वसूचनालाई प्रभावकारी बनाउनेलगायतका आवश्यक सतर्कता अपनाउने निर्णय गरेको छ ।

कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहको अध्यक्षतामा आइतबार सहरी विकास मन्त्रालयमा बसेको परिषद्को बैठकले केही दिनयता देशका धेरै स्थानमा भइरहेको वर्षापछिको सम्भावित जोखिमलाई ध्यान दिँदै उक्त निर्णय गरेको हो । परिषद् बैठकले जोखिम भएको ठाउँमा रातको समयमा सवारीसाधन नचलाउने, भारी वर्षा भएको समय र क्षेत्र वरपर सुरक्षित रहन स्थानीयवासीलाई सूचना प्रवाह गर्ने, स्थानीय एफएम र सामाजिक सञ्जालमार्फत मौसम बुलेटिन तथा सूचना प्रसारण गर्ने व्यवस्था मिलाउने र विपद् प्रभावित क्षेत्रमा 'रिपोर्टिङ'को तत्काल व्यवस्था मिलाई विपद् प्रभावितलाई 'रेस्क्यु' गर्ने व्यवस्था मिलाउने निर्णय गरेको छ ।

कार्यवाहक प्रधानमन्त्री सिंहले वर्षाको समयमा नागरिकको जीवनरक्षाका लागि आवश्यक पूर्वतयारीमा कुनै कमी नगर्न आग्रह गर्दै सरोकारवाला निकायलाई उच्च सतर्कता अपनाउनुपर्नेमा जोड दिए । उनले मौसम पूर्वानुमानपछिको पूर्वसूचना प्रभावकारी बनाउन सके विपद्बाट क्षति हुनबाट रोक्न सकिने भन्दै पूर्वसूचना प्रभावकारी बनाउने र त्यसलाई कडाइका साथ कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।



बैठकमा कार्यवाहक प्रधानमन्त्री सिंहले वर्षाको मौसमका कारण हुनसक्ने सम्भावित जोखिमको अवस्थालाई ध्यान दिँदै भइरहेका तयारीबारे जानकारी लिए । सो क्रममा गृहमन्त्रालय, रक्षा मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र सडक विभागका तर्फबाट भइरहेका पूर्वतयारीका बारेमा जानकारी गराइएको थियो । उनले सरोकारवाला सबै निकायलाई मौसम पूर्वानुमानलाई ध्यान दिँदै जोखिम रहेका ठाउँमा पूर्वसूचना प्रभावकारी बनाउने र जोखिम आइहाले त्यसको सामना गर्नसक्ने गरी तयारी अवस्थामा बस्न आग्रह गरे ।

बैठकमा गृहमन्त्री रमेश लेखकले सम्भावित जोखिमलाई ध्यान दिँदै तीनवटै सुरक्षा निकाय 'अलर्ट'मा बसेको, सेना र निजी क्षेत्रका हेलिकप्टरसमेत विपद्मा परिचालन गर्नुपर्ने अवस्थामा तयारी अवस्थामा राखिएको बताए । उनले मौसम पूर्वानुमानअनुसार जोखिम रहेका सडकमा सवारीसाधन सञ्चालन नगर्नू भनेको अवस्थामा सवारीसाधन चलाएका र केही भएमा त्यसको जिम्मेवार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी र अन्तिम चेकपोस्टको प्रहरी इञ्चार्ज हुनेगरी निर्देशन पठाइसकिएको जानकारी दिए । मुख्यसचिव एकनारायण अर्यालले मौसम पूर्वानुमानलाई ध्यान दिएर सम्बन्धित निकायलाई सोहीअनुसार सतर्क राखिएको बताए ।

# फिल्ड इपिडिमियोलोजीसम्बन्धी राष्ट्रिय सम्मेलन

**काठमाडौं (प्रस)–** इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)ले विश्व स्वास्थ्य संगठनको सहयोगमा आयोजना गरेको फिल्ड इपिडिमियोलोजीसम्बन्धी पहिलो राष्ट्रिय सम्मेलन आइतबारदेखि सुरु भएको छ ।

'सबल स्वास्थ्यका लागि एकता, फिल्ड इपिडिमियोलोजी, निगरानी र नीतिगत निर्देशन' भन्ने नाराका साथ दुईदिने सम्मेलन आइतबारदेखि सुरु भएको हो । सम्मेलनमा सम्बन्धित सरकारी निकायका प्रतिनिधि, प्रकोप महामारीमा खटिने कर्मचारी, जनस्वास्थ्यविज्ञ, इपिडिमियोलोजिस्ट र प्रयोगशाला विशेषज्ञहरूको उपस्थितिसँगै मौखिक र पोस्टर प्रस्तुति रहने जनाइएको छ । सम्मेलनको उद्घाटन सत्रमा बोल्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. विकास देवकोटाले फिल्ड इपिडिमियोलोजिस्टहरूले रोग नियन्त्रणमा ठूलो भूमिका पुऱ्याउने बताए । उनले भने, 'हामीले कीटजन्य रोगहरूको नियन्त्रणका लागि बजेटमा ध्यान नदिएको हो कि । प्रदेश र स्थानीय तहमा फिल्ड इपिमिडियोलोजिस्टहरूलाई प्रोत्साहन गरेर राम्रो प्रगति भएको देख्न चाहन्छौं । कतै 'आउटब्रेक' भयो भने कुन तहले गर्ने भनेर अलमलिन्छौं । उहाँहरूले नेतृत्व लिनुपर्छ ।'

फिल्ड इपिडिमियोलोजिस्ट भनेका कुनै पनि रोगको विषयमा फिल्डमै पुगेर खोज अनुसन्धान गरी रोग नियन्त्रणमा उपाय खोज्ने विशेषज्ञ हुन् । सम्मेलनको उद्देश्यमाथि प्रकाश पार्दै इडिसिडीका इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी) इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी) का शाखा प्रमुख डा. हेमन्तचन्द्र ओझाले फिल्ड इपिडिमियोलोजी र प्रकोप प्रतिक्रियासम्बन्धी अनुभवहरू र अध्ययनहरू साझा गर्दै रोग निगरानी, पहिचान, प्रतिकार्यसम्बन्धी अनुसन्धान तथा नवीनतम् अभ्यास सुदृढ गर्ने उद्देश्यका साथ यो सम्मेलन आयोजना गरिएको बताए ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक ६६ असार १४ गते २०८२ मा प्रकाशित **Lucky Overseas Pvt. Ltd..** को **High Restaurant Catering Establishment** कम्पनीको Lot No. 326298 विज्ञापनमा मेनपावरको नाम **Lucky Overseas Pvt. Ltd.** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

Lucky Overseas Pvt. Ltd.
Dhobighat-3, Ringroad, Lalitpur, Nepal, 01-5153055 / 01-5153033
Email: luckyoverseas1998@gmail.com | overseaslucky@gmail.com, Website: www.luckyoverseas.com

## मोटरसाइकल हराएको सूचना

मिति २०८२।०३।०६ गते का.जि.ता.न.पा वडा नं.५ न्हाँकान्टोलमा आँफू बस्दै आएको घर बाहिर आँगनमा पार्किङ गरिराखेको रातो, कालो रङ्गको 150 cc Pulsar मोटरसाइकल रातको अन्दाजी १०:०० देखि बिहानको ८:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : दल विर वि.क.**
**बाइक नं.: लुम्बिनी प्रदेश ०१, ००३ प ६७६४**
**च्यासिस नं.: MD2A1XY912PE60243**
**इन्जिन नं. : DHXPDE27216**
**ठेगाना : का.जि.ता.न.पा-५, न्हाँकान्टोल**
**सम्पर्क: ९८५१४०००८६**

## युएइमा रोजगार

कम्पनी : CHIKEX FRIED CHICKEN AND RESTAURANT LLC
पूर्व स्वीकृति मिति : २०८०/१५/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१५ | LT. No. 301757 | चलानी नं. ६०२१६५४०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 30 | 0 | 1000 | ३७,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | RESTAURANT WORKER (FEMALE) | 0 | 34 | 1200 | ४४,६८२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २३ गते (7th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 615/063/64
BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)
Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com

## कुवेतमा रोजगार

कम्पनी : KIFAN STYLE LADIES BEAUTY SALON CO.
पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 326413 | चलानी नं. ६०२४०३७२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure/pedicure | 0 | 3 | 150 | ६७,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Nail Technicians | 0 | 3 | 150 | ६७,१८० | | | | | | | |

कम्पनी : FAM INTERNATIONAL CATERING CO.
पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 326414 | चलानी नं. ६०२४०३७३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 3 | 2 | 150 | ६७,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef De Partie Pastry | 3 | 0 | 250 | १११,८०० | | | | | | | |
| 3 | Cleaners (Indoor) | 3 | 2 | 100 | ४४,७२० | | | | | | | |

कम्पनी : SAN RAMON GENERAL TRADING & CONTRACTING COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०२/११ | LT. No. 305231 | चलानी नं. ६०२२०००७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/nail Extension/hairdresser/manicure/ped | 0 | 7 | 150 | ६७,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner/helper/worker | 2 | 2 | 90 | ४०,२४५ | | | | | | | |
| 3 | Kitchen Helper/chef Assistant/cook Helper/cook Ass | 7 | 0 | 130 | ५८,१३५ | | | | | | | |
| 4 | Waiters/waitress | 3 | 3 | 135 | ६०,३७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २३ गते (7th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## युएई र कुवेतमा रोजगार

कम्पनी : NAMAT ALSAMA TECHNICAL AND CLEANING SERVICES L.L.C. | शहर : UAE
पूर्व स्वीकृत मिति: २०८२/०३/२५ | चलानी नं.: ६०२४०३१४ | LT. No.: 326427

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 80 | 0 | स. काममा दक्ष | 1000 | ३७,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : PROFESSIONALS ALUMINUM WORKS COMPANY | शहर : Kuwait
पूर्व स्वीकृत मिति: २०८२/०३/१५ | चलानी नं.: ६०२४०२४९ | LT. No.: 326334

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 15 | 0 | सम्बन्धित काममा दक्ष | 125 | ५५,७७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | DRIVER LIGHT | 2 | 0 | | 150 | ६६,९३० | | | | | | | |
| 3. | HELPER LABOUR | 20 | 0 | | 105 | ४६,८५१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असार २३ गते (7 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com

## युएइमा रोजगार

कम्पनी : Stalwart Facility and Security Services L.L.C
पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 326302 | चलानी नं. ६०२३६४३६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 25 | 0 | 1100 | ४०,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २३ गते (7th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No. 1590/079/80

Fix Job Overseas Pvt. Ltd.
Sinamangal-9, Pingalasthan, Kathmandu, Nepal Tel : +977-1-5912965, 9841945941
E-mail : info@fixjoboverseas.com, fixjoboverseas@gmail.com, Website : www.fixjoboverseas.com




## तीज गीत 'साइली छोरी' सार्वजनिक

शंकर बिसीको रचना रहेको तीज गीत 'साइली छोरी'को म्युजिक भिडियो सार्वजनिक भएको छ । उक्त गीतमा गायिका देविका केसी र रामकुमार नेपालीले आवाज दिएका छन् । रामकुमार नेपालीको लय रहेको यस गीतको भिडियो शंकर आफैंले निर्देशन र कोरियोग्राफी गरेका हुन् । भिडियोमा शंकरसहित जुना विश्वकर्मालगायतको अभिनय रहेको छ ।




# सांगीतिक साँझमा गुन्जियो गीतकार तामाङका उत्कृष्ट गीत



■ प्रभाव संवाददाता

**काठमाडौं–** गीतकार टेक तामाङको 'सांगीतिक साँझ-२०८२' सम्पन्न भएको छ । गीतकार संघ नेपालले शनिबार कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा उक्त कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक (एआइजी)समेत रहेका गीतकार तामाङले सिर्जना गरेका १७ उत्कृष्ट गीत प्रस्तुत गरिएको थियो । 'नेपाल मेरो घर', 'आमा', 'मीठा मीठा बोली', 'स्वर्गझैं सैलुङ', 'अल्झिरहचो याद', 'तिमी सागर', 'मै खुकुरी', 'अँगालोमा बेरिरहुँ', 'जित्नेहरूको पनि', 'मन पर्छ', 'माथि माथि लेकमा', 'जोर मादलको तालैमा' लगायतका गीतहरू प्रस्तुत हुँदा उपस्थित दर्शकहरूले गीतसँगै झुमेका थिए ।

कार्यक्रममा किरण प्रधान, शिव परियार, स्वरूपराज आचार्य, सत्यराज आचार्य, अञ्जु पन्त, डेविड शंकर, रूपक चौधरी, संगीता राना प्रधान, प्रदीपराज पाण्डे, कन्काइस्ट राई, सञ्जय तुम्ब्रोक, सुमिना लो, रेश्मा बमजन र अस्मिता अधिकारीले गीत प्रस्तुत गरेका थिए ।

विशेषगरी 'मै खुकुरी' गीतले देशप्रेमका भावना उजागर गर्दा हलमा उपस्थितहरू भावुक बने । 'अँगालोमा बेरिरहुँ' शीर्षकको मायापूर्ण गीतमा गायिका पन्तको स्वरले दर्शकहरूलाई मन्त्रमुग्ध बनाएको थियो ।

प्रमुख अतिथिका रूपमा उपस्थित नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति बैरागी काइँलाले गीतकार तामाङको उक्त प्रस्तुति नेपाली सांगीतिक क्षेत्रका लागि 'सांस्कृतिक चेतनाको नयाँ इँटा' भएको बताए । गीतकार संघका अध्यक्ष वसन्त वित्यासी थापाले तामाङको सांगीतिक साँझ नेपाली गीत-संगीतलाई आमजनमानससँग जोड्ने सशक्त प्रयास भएको बताए । उनले यस्तो प्रस्तुति नयाँ पुस्ताका सिर्जनशील व्यक्तित्वलाई प्रेरणा दिने विश्वास पनि व्यक्त गरे ।

वि.सं. २०५० मा 'छाल आउँदा सम्झनाको' गीतबाट सांगीतिक यात्रामा प्रवेश गरेका गीतकार तामाङले हालसम्म 'माटोको आवाज', 'स्वदेश', 'जीवनसाथी', 'नाता', 'आमा', 'भक्तिसागर' र 'नेपाल आमा' जस्ता गीतसंग्रह प्रकाशित गरिसकेका छन् । उनले आफ्ना थुप्रै गीत तथा कविता कृतिहरू प्रकाशनको तयारीमा रहेको बताए ।

कलासँगै राष्ट्रसेवामा समर्पित तामाङको लेखन, साहित्य, संगीत र सेवाको सम्मीश्रणले समाजमा प्रेरणादायी सन्देश दिएको छ । कार्यक्रमको समापनमा तामाङले उपस्थित सबैलाई धन्यवाद दिँदै यो साँझ 'जीवनको अविस्मरणीय क्षण' भएको बताए । कार्यक्रममा सांसद, पूर्वमन्त्री, पूर्वमुख्यमन्त्री, प्रहरी, साहित्यकार, कलाकार, पत्रकार तथा संगीतप्रेमीहरूको उपस्थिति रहेको थियो ।

# 'जालमाया' २२ वर्षपछि नयाँ संस्करणमा



■ प्रभाव संवाददाता

**काठमाडौं–** तामाङ भाषाको प्रेम गीत 'जालमाया' २२ वर्षपछि नयाँ संस्करणमा सार्वजनिक गरिएको छ । गायिका निर्मला घिसिङको युटचुब च्यानलमार्फत यस गीतको भिडियो सार्वजनिक गरिएको हो । नयाँ संस्करणमा गायिका घिसिङसँगै गायक रमण थामीले स्वर दिएका छन् ।

तामाङ सिनेमा 'जालमाया' को शीर्षक गीत रहेको यस गीत २०६० सालमा गायक अमृत लामा र स्वर्गीय गायिका योगिता मोक्तानको स्वरमा रेकर्ड गरिएको थियो । फिल्म निर्माता सन्तलाल घिसिङले रचना गरेको गीतमा कुबेर दोङको संगीत र संगीत संयोजन रहेको छ । नयाँ संस्करणमा भने पवनवाङ लामाले संगीत संयोजन गरेका छन् । सुन्दर लामाले ध्वनि सम्पादन गरेका छन् ।

रोशन फचुबाले निर्देशन गरेको भिडियो तामाङ समुदायको बाहुल्य रहेको रसुवा र धादिङका विभिन्न रमणीयस्थलहरूमा छायांकन गरिएको छ । रञ्जिता तामाङ र सोनाम तामाङको अभिनय रहेको गीतमा प्रतीक ङ्चासुरले कोरियोग्राफी गरेका छन् ।

पहिलो संस्करण तामाङ भाषामा मात्रै रहेको यस गीतको नयाँ संस्करणमा नेपाली भाषालाई पनि स्थान दिइएको छ । श्रोता र दर्शकको रुचिलाई मनन् गर्दै नेपाली भाषा समेटिएको गायिका घिसिङले जानकारी दिइन् । 'तामाङ सांगीतिक क्षेत्रका वरिष्ठ गायक अमृत लामा, गायिका योगिता मोक्तान र यस गीतका सम्पूर्ण श्रष्टालाई सम्मानसहित नयाँ परिवेश र युवा पुस्तामाझ पुन: यस गीत सुनाउन 'जालमाया' को नयाँ संस्करण तयार पारिएको हो,' गायिका घिसिङले भनिन् ।



एएफसी महिला एसियन कप

# लाओसविरूद्ध नेपालको फराकिलो जित

## साम्बा एक्लैले गरिन् चार गोल




■ प्रभाव संवाददाता

**काठमाडौं–** उज्वेकिस्तानमा जारी एएफसी महिला एसियन कप छनोटअन्तर्गत लाओसविरुद्धको खेलमा आइतबार नेपालले फराकिलो जित हात पारेको छ । नेपालले लाओसलाई ९-० गोलअन्तरले पराजित गरेको हो ।

नेपालका लागि पहिलोपटक कप्तानी गरेकी सावित्रा भण्डारी 'साम्बा' एक्लैले चार गोल गरिन् । यस्तै अनिता बस्नेत, सरु लिम्बू, अनिता केसी र रश्मीकुमारी घिसिङले एक-एक गोल गरिन् । लाओसले एउटा आत्मघाती गोल गरेको थियो ।

नेपालले पहिलो हाफमा २-० गोलको अग्रता लिएको थियो । सावित्रा भण्डारी 'साम्बा'ले कप्तानी गरेको खेलमा नेपालले पहिलो हाफमा लाओसविरुद्ध २-० गोलको अग्रता लिएको छ । नेपालले खेलको सुरुआतमा नै अग्रता बनायो । खेलको १२ औं मिनेटमा अनिताले गोल गरिन् । सविता राना मगरको क्रसमा साम्बाको हेडरपछि उनले गोल गरिन् । यस्तै खेलको ४४औं मिनेटमा नेपालका लागि अनिताको क्रसमा सावित्राले गोल गरिन् ।

दोस्रो हाफमा नेपालले थप छ गोल गरेको थियो । खेल सुरु भएको दोस्रो मिनेटमै नेपालका लागि सरु लिम्बूले गोल गरिन् । यस्तै खेलको ५५औं मिनेटमा साम्बाले व्यक्तिगत दोस्रो गोल गरिन् । उनले खेललाई ४-० गोलको अवस्थामा पुऱ्याइन् । लगत्तै रश्मीकुमारीले गोल गरिन् । नेपालले खेलको ७५औं मिनेटमा साम्बाले हचाट्रिक पूरा गरिन् । त्यसको एक मिनेटपछि साम्बाले नै व्यक्तिगत चौथो गोल गर्दै नेपाललाई ६-० गोलको अग्रता दिलाइन् ।

यस्तै खेलको ८३औं मिनेटमा नेपालका लागि अनिता केसीले गोल गरिन् । नेपालले ८-० गोलको अग्रता बनायो । खेलको ८८औं मिनेटमा साम्बाको प्रहार लाओसका खेलाडीको खुट्टामा लाग्दै गोलमा परिणत भयो । योसँगै नेपालले तीन अंक जोडेको छ । आइतबारको खेल नेपालले १००औं अन्तर्राष्ट्रिय खेल हो । नियमित कप्तान तथा गोलकिपर एन्जिला तुम्बाप्पो सुब्बालाई आइतबार आराम गर्न दिइएको थियो । नेपाल रहेको समूह 'एफ'मा लाओसका साथै उज्वेकिस्तान र श्रीलंका रहेका छन् ।

# फुटबलका शाक्य र भलिबलकी शाही पुरस्कृत

**काठमाडौं (प्रस)–** शरदचन्द्र शाह मेमोरियल फाउण्डेसनले नेपाली फुटबलका हस्ती राजुकाजी शाक्य र राष्ट्रिय महिला भलिबल टोलीकी कप्तान अरुणा शाहीलाई पुरस्कारसहित सम्मान गरेको छ । शुक्रबार आयोजित एससिएसएमएफ स्पोर्टस् अवार्डको दोस्रो संस्करणमा उनीहरूलाई जनही दुई लाख ५० हजार रूपैयाँसहित सम्मान गरिएको हो ।

खेलकुद क्षेत्रमा योगदान पुऱ्याएका स्थापित हस्ती र उदाउँदा प्रतिभालाई सम्मान गर्ने उद्देश्यले यो पुरस्कार स्थापना गरिएको फाउण्डेसनले जनाएको छ ।

शाक्यको नेतृत्वमा नेपालले दक्षिण एसियाली खेलकुदमा ऐतिहासिक स्वर्ण पदक जितेको र फुटबलमा खेलाडी तथा प्रशिक्षकको रूपमा पुऱ्याएको योगदानको स्वरूप सम्मान प्रदान गरिएको बताइएको छ । त्यसैगरी देशमा भलिबल खेलको विकास र महिला खेलाडीहरूलाई प्रशिक्षण दिई शाहीको नेतृत्वमा नेपाली महिला भलिबल टोलीले अन्तर्राष्ट्रिय स्तरमा सफलता हासिल गराएको स्वरूप शाहीलाई पनि सम्मान गरिएको छ ।


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना १६ गते सोमबार)

नन्दलाल रिजालको नाति, धर्मदत्त पाध्य रिजालको छोरा, बाग्मती प्रदेश धादिङ जिल्ला त्रिपुरासुन्दरी गा.पा. वडा नं ०७ बस्ने वर्ष ८२ को लोक प्रसाद रिजालको मिति २०८१/०७/२२ मा मृत्यु भएकोले निजको नाममा यस विकास बैंक लि. को शाखा कार्यालय धादिङबेशीमा रहेको बचत खातामा भएको निक्षेप रकम भुक्तानी पाउँ भनी त्रिपुरासुन्दरी गा.पा. वडा नं ०७ बस्ने श्रीमती वेद माया रिजालले निवेदन दिनुभएकोले उक्त बचत तथा निक्षेप रकममा निज निवेदक वाहेक अन्य कोही कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ (२) बमोजिम अग्राधिकारवाला हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विकास बैंकको शाखा कार्यालय धादिङबेशीमा सबुत प्रमाण सहित दावी निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र प्राप्त नभएको र रीत नपुगेको निवेदन उपर कुनै कारवाही नहुने र म्याद भुक्तान पश्चात कसैको दावी परेमा निवेदकको दावी बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **All Skills Internrnational Human Resource Pvt.ltd** इजाजत नम्बर ९५७/०६७/०६८ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| SN | NAME | CITIZENSHIP NUMBER |
|---|---|---|
| 1 | Suresh Panthi | 16773 |
| 2 | Sabina Magar | 09-01-7004999 |
| 3 | Anil Giri | 100/14887 |
| 4 | Pabitra Khunagiri | 1005/19853 |
| 5 | Binita Adhikari | 44-04-75-02905 |
| 6 | Sarita Kumari KC | 341069/83 |
| 7 | Suraj Shrestha | 26-0174-02576 |

LIC. 957/067/068
ALL SKILLS INTERNRNATIONAL HUMAN RESOURCE PVT.LTD
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com



## CYPRUS मा रोजगार

कम्पनी : E&L GENERAL SERVICES LTD.

पूर्व स्वीकृति मिति : २०८२/03/१3 | LT. No. 323021 | चलानी नं. ६०२४०३४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब EUR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 5 | 0 | 900 | १,४४,२४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | DOMESTIC WORKER | 0 | 5 | 400 | ६४,१०८ | | | | | | | |
| 3 | KITCHEN ASSISTANT | 5 | 0 | 700 | १,१२,१८९ | | | | | | | |
| 4 | Waiter/Waitress | 5 | 0 | 800 | १,२८,२१६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २३ गते (7th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ६०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

S.S.Group of Management Pvt.Ltd.
Subidhanagar-32, Tinkune, Kathmandu, Nepal, Tel : +977-1 - 5104681, 5104682, Ph: 9843193397 Email: ssgroup1100@gmail.com
Govt. License 1100/073/074



## कतारमा रोजगार

कम्पनी : Al Shera Trading And Contracting WLL

पूर्व स्वीकृति मिति : २०८१/०६/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०३/१५ | LT. No. 311573 | चलानी नं. ६०२१०२८३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1500 | ५६,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Cleaning Worker | 1 | 0 | 1000 | ३७,५६० | | | | | | | |
| 3 | Mason | 3 | 0 | 1200 | ४५,०७५ | | | | | | | |
| 4 | Receptionist | 1 | 0 | 2100 | ७८,८८० | | | | | | | |
| 5 | Representative | 1 | 0 | 2200 | ८२,३६५ | | | | | | | |
| 6 | Sales-Man | 1 | 0 | 1500 | ५६,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २३ गते (7th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com
Govt.Lic. No- 1168/073/074



## साउदीमा रोजगार

कम्पनी : ZAID ALI ABU HAID SONS COMPANY FOR TRANSPORTATION.

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 326264 | चलानी नं. ६०२४०३१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 5 | 0 | 1800 | ६५,६३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : OASIS SEASONS CATERING SERVICES EST

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ | LT. No. 326393 | चलानी नं. ६०२४०३१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 2 | 0 | 1000 | ३६,४६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असार २३ गते (7th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम इजाजत नं. ३८४/०५९/०६०



बंगलादेशको चटगाउँस्थित चटगाउँ बन्दरगाहमा थुप्रिएका कन्टेनर क्रेनहरू । त्यहाँको अन्तरिम सरकारले गरेको सुधारका मुद्दाहरूमा राष्ट्रिय राजस्व बोर्डका कर्मचारीहरूले गरेको निरन्तर विरोधका कारण निर्यात र आयात गतिविधिहरू ठप्प बनेका छन् । *तस्बिरः एएफपी*

# अमेरिकी सिनेटमा ट्रम्पको विवादास्पद खर्च विधेयकमाथि बहस



**वासिङ्टन–** अमेरिकी सिनेटरहरूले शनिबार डोनाल्ड ट्रम्पको 'ठूलो सुन्दर' खर्च विधेयकमाथि बहस सुरु गरेका छन् । यो एउटा अत्यधिक विभाजनकारी प्रस्ताव हो जसले अमेरिकी राष्ट्रपतिको घरेलु एजेण्डाका प्रमुख भागहरू प्रदान गर्ने छ तर सामाजिक कल्याण कार्यक्रमहरूमा ठूलो कटौती गर्ने छ ।

ट्रम्पले आफ्नो विरासतलाई 'वन बिग ब्युटिफुल बिल' का साथ प्रमाणीकरण गर्ने आशा गरिरहेका छन्, जसले उनको पहिलो कार्यकालको कर कटौतीलाई ४५ खर्ब डलरको लागतमा विस्तार गर्ने छ र सीमा सुरक्षालाई सुदृढ पार्ने छ ।

तर सन् २०२६ को मध्यावधि कंग्रेसनल चुनावलाई ध्यानमा राखेर रिपब्लिकनहरू प्याकेजलाई लिएर विभाजित छन् । उक्त प्याकेजले लाखौं गरिब अमेरिकीबाट स्वास्थ्य सेवा खोस्ने छ र देशको ऋणमा ३० खर्ब डलरभन्दा बढी थप्ने छ ।

रिपब्लिकन विरोधीहरूले प्रक्रियागत मतदानमा ढिलाइ गरेपछि सिनेटले शनिबार राति औपचारिकरूपमा विधेयकमा बहस सुरु गरेको छ । रिपब्लिकन विरोधीहरूको प्रक्रियागत मतदानमा ढिलाइले सामाजिक सञ्जालमा ट्रम्पको आक्रोशलाई बढाएको छ ।

उपराष्ट्रपति जेडी भान्स आफ्नै पार्टीका विरोधीहरूसँग वार्तामा सामेल भएपछि सिनेटरहरूले बहस सुरु गर्ने प्रस्तावलाई ५१-४९ ले पारित गरे । अन्ततः दुई रिपब्लिकन सिनेटर ४७ डेमोक्रेटहरूसँग प्रारम्भिक बहसमा 'होइन' मतदानमा सामेल भए । ट्रम्पले आफ्नो पार्टीलाई विधेयक पारित गराउन र संयुक्त राज्य अमेरिकाको स्वतन्त्रता दिवस जुलाई ४ सम्म कानुनमा हस्ताक्षर गर्न आफ्नो डेस्कमा दबाब दिएका छन् ।

डेमोक्रेटहरू यस कानुन र ट्रम्पको एजेण्डाको कडा विरोधमा छन् र बहसलाई रोक्ने प्रतिज्ञा गरेका छन् । तिनीहरूले बहस सुरु गर्नुअघि सम्पूर्ण विधेयकलाई सदनमा ठूलो स्वरमा पढ्न जोड दिएर सुरुआत गरे । विधेयक लगभग एक हजार पृष्ठको छ र पढ्न अनुमानित १५ घण्टा लाग्ने छ । 'रिपब्लिकनहरूले अमेरिकालाई विधेयकमा के छ भनेर बताउँदैनन्,' सिनेटका डेमोक्रेटिक नेता चक सुमरले भने, 'त्यसैले डेमोक्रेटहरूले यसलाई सुरुदेखि अन्त्यसम्म फ्लोरमा पढ्न बाध्य पार्दै छन् । यदि यो पढ्न आवश्यक छ भने हामी यहाँ रातभरि रहने छौं ।'

यदि सिनेटमा पारित भयो भने विधेयक अनुमोदनका लागि सदनमा फर्किने छ । सदनमा रिपब्लिकनहरूले केही मतहरू मात्र गुमाउन सक्छन् र आफ्नै श्रेणीभित्रबाट कडा विरोधको सामना गरिरहेका छन् ।

### विभाजनकारी कटौती

रिपब्लिकनहरू ट्रम्पको कर राहतको ४५ खर्ब डलर लागत भर्न संघर्ष गरिरहेका छन् । प्रस्तावित कटौतीहरू मुख्यतया मेडिकेडको फण्डिङ नष्ट गरेर आउने छन्, जुन कम आम्दानी भएका अमेरिकीहरूका लागि स्वास्थ्य बिमा कार्यक्रम हो । रिपब्लिकनहरू मेडिकेड कटौतीमा विभाजित छन् । यसले ग्रामीण अस्पतालहरूलाई खतरामा पार्ने छ र अनुमानित ८६ लाख अमेरिकीलाई स्वास्थ्य सेवाबाट वञ्चित गर्ने छ । खर्च योजनाले ट्रम्पका पूर्ववर्ती जो बाइडेनको नेतृत्वमा राखिएको नवीकरणीय ऊर्जाका लागि धेरै कर प्रोत्साहनहरू पनि फिर्ता गर्ने छ ।

शनिबार ट्रम्पका प्रमुख सहयोगी एलन मस्कले वर्तमान प्रस्तावलाई 'पूर्णरूपमा पागल र विनासकारी' भने । मस्कसँग राष्ट्रपति ट्रम्पले यस महिना विधेयकको आलोचना गर्दा सार्वजनिकरूपमा झगडा गरेका थिए । 'यसले विगतका उद्योगहरूलाई ह्याण्डआउट दिन्छ भने भविष्यका उद्योगहरूलाई गम्भीर नोक्सान पुऱ्याउँछ,' मस्कले भने । मस्क विश्वका सबैभन्दा धनी व्यक्ति हुन् र टेस्ला इलेक्ट्रिक वाहन कम्पनी र स्पेसएक्स स्पेस फ्लाइट फर्मका मालिक पनि हुन् ।

स्वतन्त्र विश्लेषणले यो विधेयकले सबैभन्दा गरिब १० प्रतिशत अमेरिकीबाट सबैभन्दा धनीमा सम्पत्तिको ऐतिहासिक पुनःवितरणका लागि मार्गप्रशस्त गर्ने पनि देखाउँछ ।

हालैको सर्वेक्षणअनुसार यो विधेयक बहुजनसांख्यिकीय, उमेर र आय समूहहरूमा अलोकप्रिय छ । सदनले पहिले नै आफ्नै संस्करण पारित गरिसकेको भए पनि कानुनमा हस्ताक्षर गर्नुअघि दुवै सदन एउटै पाठमा सहमत हुनुपर्दछ । *रासस/एएफपी*

# इजरायली प्रधानमन्त्री नेतान्याहुविरूद्धको मुद्दा 'राजनीतिक प्रतिशोध' का रूपमा आएको ट्रम्पको भनाइ



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार (अमेरिकी स्थानीय समय) इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुविरुद्धको मुद्दाको निरन्तरता 'राजनीतिक प्रतिशोध' का रूपमा आएको बताएका छन् ।

अनादोलु एजेन्सीका अनुसार इजरायली प्रधानमन्त्री नेतान्याहु हाल घुसखोरी, ठगी र विश्वासघातको आरोपसहितको केस एक हजार, दुई हजार र चार हजार भनेर चिनिने तीन अलग-अलग कथित् भ्रष्टाचार आरोपको मुद्दामा छन् । यद्यपि नेतान्याहुले सबै आरोपलाई 'नक्कली' भन्दै अस्वीकार गर्दै आएका छन् ।

ट्रुथ सोसलमा एक पोस्टमा दुःख व्यक्त गर्दै अमेरिकी राष्ट्रपति ट्रम्पले 'यो एक डरलाग्दो अवस्था हो जहाँ इजरायली प्रधानमन्त्रीले हमाससँग सम्झौता वार्ताको बीचमा अदालतमा समय बिताउनुपर्ने अवस्था छ' भने ।

'उनीहरूले इजरायलमा बिबी नेतान्याहुलाई जे गरिरहेका छन् त्यो भयानक छ । उहाँ एक युद्धनायक र एक प्रधानमन्त्री हुनुहन्छ जसले इरानमा खतरनाक आणविक खतराबाट छुटकारा पाउन ठूलो सफलता ल्याउन संयुक्त राज्य अमेरिकासँग काम गरेर उत्कृष्ट काम गर्नुभयो,' ट्रम्पले लेखेका छन्, 'महत्त्वपूर्ण कुरा के छ भने उहाँ अहिले हमाससँग सम्झौता गर्ने प्रक्रियामा हुनुहुन्छ, जसमा बन्धकहरू फिर्ता लिनु समावेश छ । यो कसरी सम्भव छ कि इजरायलका प्रधानमन्त्रीलाई दिनभरि अदालतको कोठामा बस्न बाध्य पार्न सकिन्छ, केही पनि होइन (सिगार, बग बनी डल, आदि) । यो एउटा राजनीतिक प्रतिशोध हो, जुन मलाई लगाएजस्तै हो ।'

कार्यको अन्यायपूर्ण प्रकृतिलाई जोड दिँदै ट्रम्पले 'न्याय' को उपहासले इरान र हमास दुवै वार्तामा हस्तक्षेप गर्ने बताए । ''न्याय' को यो उपहासले इरान र हमास दुवै वार्तामा हस्तक्षेप गर्ने छ । अर्को शब्दमा भन्नुपर्दा, नियन्त्रणबाहिरका अभियोजकहरूले बिबी नेतान्याहुलाई जे गरिरहेका छन् त्यो पागलपन हो,' उनले लेखेका छन्, 'संयुक्त राज्य अमेरिकाले इजरायलको सुरक्षा र समर्थन गर्न एक वर्षमा अर्बौं डलर खर्च गर्दछ, जुन अन्य कुनै पनि राष्ट्रमाभन्दा धेरै हो । हामी यसका लागि खडा हुन गइरहेका छैनौं । हामीले भर्खरै प्रधानमन्त्री बिबी नेतान्याहुको नेतृत्वमा ठूलो विजय प्राप्त गऱ्यौं र यसले हाम्रो विजयलाई धेरै कलंकित गर्दछ । बिबीलाई जान दिनुहोस्, उहाँले ठूलो काम गर्न बाँकी छ !'

सन् २०२० मे महिनामा सुरु भएको नेतान्याहुको मुद्दा, पहिलोपटक इजरायली प्रधानमन्त्रीले आपराधिक प्रतिवादीको रूपमा उभिएको छ र इजरायली कानुनअन्तर्गत नेतन्याहु सर्वोच्च अदालतले दोषी ठहर नगरेसम्म राजीनामा दिन बाध्य नहुने अनादोलु एजेन्सीले बताएको छ । यसबाहेक हेगस्थित अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) ले पनि इजरायली प्रधानमन्त्रीविरुद्ध 'मानवताविरुद्धको अपराध र युद्ध अपराध' को आरोप लगाउँदै गिरफ्तारी वारेन्ट जारी गरेको थियो ।

आरोपहरूमा नागरिकहरूलाई लक्षित गरेको र गाजामा भोकमरीका नीतिहरू लागू गरेको आरोपहरू समावेश छन् । यसअघि बुधबार अमेरिकी राष्ट्रपति ट्रम्पले इजरायली प्रधानमन्त्री नेतान्याहुको चलिरहेको भ्रष्टाचारको मुद्दालाई 'तत्काल' रद्द गर्न आह्वान गरेका थिए । अमेरिकाले इजरायली प्रधानमन्त्रीलाई 'बचाउने छ' भनी उल्लेख गर्दै इजरायली न्यायपालिकाले राजनीतिकरूपमा प्रेरित 'राजनीतिक प्रतिशोध' का रूपमा कारबाहीको निन्दा गरे ।

ट्रम्पका अनुसार घुसखोरी र ठगीजस्ता धेरै मामिला समावेश भएको नेतान्याहुविरुद्धको आरोपहरू राजनीतिक रूपमा प्रेरित छन् र 'सिगार, बग्स बनी गुडिया र अन्य धेरै अनुचित आरोपहरू' सहित तुच्छ आरोपहरूमा आधारित छन् । उनले नेतन्याहुलाई पदमा रहँदा मुद्दाको सामना गर्ने पहिलो इजरायली प्रधानमन्त्री बनाउँदा यस मुद्दालाई 'हरर सो' का रूपमा चित्रण गरे सन् २०२० देखि तानिएको छ । *रासस/एएनआई*

# तेहरानस्थित इभिन जेलमा इजरायली आक्रमणमा ७१ जनाको मृत्यु भएको पुष्टि



**तेहरान–** तेहरानको इभिन कारागारमा यस महिनाको १२ दिनसम्म चलेको युद्धका क्रममा इजरायली आक्रमणमा परी कम्तीमा ७१ जनाको मृत्यु भएको इरानको न्यायपालिकाले आइतबार जनाएको छ ।

तेहरानको उत्तरमा रहेको इभिनमा सोमबार भएको आक्रमणले प्रशासनिक भवनको केही भाग ध्वस्त पारेको थियो । उक्त जेलमा राजनीतिक बन्दी र विदेशी नागरिकहरू रहेको अधिकारवादी समूहहरूले बताएका छन् ।

'इभिन जेलमा भएको आक्रमणमा ७१ जनाको मृत्यु भएको पुष्टि भएको छ,' इरान सरकारद्वारा गराइएको औपचारिक जानकारीमा भनिएको छ । इजरायलले जुन १३ मा सुरु गरेको बमबारी अभियानबाट प्रभावितमध्ये एक स्थान इभिन जेल रहेको न्यायपालिकाका प्रवक्ता असगर जहाँगीरले बताए ।

जहाँगीरका अनुसार इभिनमा मारिएकाहरूमा प्रशासनिक कर्मचारी, गार्ड, कैदी र भेट्न आएका आफन्तहरू साथै जेल नजिक बस्ने केही व्यक्ति पनि थिए । न्यायपालिकाले सार्वजनिक गरेको तस्बिरमा भवनको पर्खाल भत्किएको, छाना भत्किएको, छरिएर रहेका भग्नावशेष र प्रतीक्षालयमा रहेका सतहहरू भत्किएको देख्न सकिन्छ ।

इभिनको मेडिकल सेण्टर र भिजिटिङ रुमलाई निशाना बनाइएको अदालतले बताएको छ । आक्रमणको एक दिनपछि मंगलबार इरानी जेल प्रशासनले इभिन जेलबाट पहिचान नै नगरी कैदीलाई बाहिर स्थानान्तरण गरेको बताएको थियो । इभिनमा नोबेल शान्ति पुरस्कार विजेता नार्गेस मोहम्मदी, केही फ्रान्सेली नागरिक र अन्य विदेशी नागरिक रहेका छन् । *रासस/एएफपी*

# ट्रम्पले स्टिलमा लगाएको करले अमेरिकी कारखानामा सामानको अभाव

**बेलक्याम्प, संयुक्त राज्य अमेरिका–** अमेरिकाको चर्को गर्मीमा स्नोम्यान र स्लेजले सजाइएका धातुका कन्टेनरहरूको माग बढेको छ तर उनीहरू बन्ने उद्योग तथा फर्महरू राष्ट्रपति डोनाल्ड ट्रम्पको चर्को इस्पात करका कारण कन्टेनर निर्माणका लागि चाहिने स्टिलको अभावको सामना गरिरहेका छन् ।

बाल्टिमोरको उत्तरपूर्वमा मेरिल्याण्डको बेलक्याम्पमा रहेको 'इण्डिपेण्डेन्ट क्यान फच्याक्ट्री' काकार्यकारी अधिकृत रिक हचुथरले १४ वर्षको उमेरमा आफ्नो परिवारको व्यवसायमा कसरी काम गर्न थाले भन्ने कुरा कोटचाउँदै भने, 'म मेरो टिनका क्यान उत्पादन कम्पनीलाई आगामी पुस्तासम्म जीवित राख्न कटिबद्ध रहेको छु तर ट्रम्पको करवृद्धिले यो कार्यलाई जटिल बनाइरहेको छ ।'

'हामी अहिले अस्तव्यस्तताबीच बाँचिरहेका छौं,' उनले एएफपीसँग भने । गत जनवरीमा राष्ट्रपतिको पुनः जिम्मेवारी सम्हालेपछि ट्रम्पले आयातीत स्टिल र आल्मुनियममा २५ प्रतिशत कर लगाएका थिए । यसले इण्डिपेण्डेन्ट क्यानको गतिविधिमा असर गरेको छ ।

हचुथरले कम्पनीमा क्यान बनाउने स्टिलको मूल्य अत्यधिक बढेपछि नयाँ खरिद रोकिएको अभाव बढेको बताए । नयाँ कर नीतिका कारण कम्पनीले क्यानको मूल्य समायोजन गरेर बजारमा सामान पठाउनुको विकल्प नरहेको बताए ।

### इस्पात प्लेटको अभाव

हचुथरको कारखानामा कुकिज, सुक्खा फल, कफी र दूध पाउडरजस्ता दैनिक खाद्यसामग्रीको सुरक्षित भण्डारणका लागि कन्टेनर बनाउन टिनको लेप लगाइएका पाताहरूको प्रयोग गरिन्छ । उनको जस्तो कम्पनीका लागि अमेरिकामा निर्मित टिनप्लेट पर्याप्त छैन ।

उनले भने, 'टिनका भाँडा (क्यान) बनाउन हामी केवल २५ प्रतिशत टिनप्लेट संयुक्त राज्य अमेरिकाबाट प्राप्त गर्न सक्छौं । हाम्रो इस्पातको ७० प्रतिशत हिस्सा हामी छिमेकबाट खरिद गर्न आवश्यक छ ।' हचुथर अमेरिकी उत्पादन आधार बढाउने पक्षधर भएता पनि विश्वव्यापीकरण यति भएको छ कि ट्रम्पको विधिहरूले सामान अभाव बढाउने चिन्ता उनलाई छ ।

ट्रम्पले ठूला करको एक शृंखलाको घोषणा गरेका छन् । ती मध्ये केहीलाई व्यापार वार्ताका लागि दबाब दिन कतिपय देशले उत्पादन नगर्ने र विदेशबाट आयात गर्नुपर्ने वस्तुहरूमा पनि प्रशासनले कर लगाएको छ । अहिले विभिन्न चार निर्माणस्थलमा लगभग ४०० व्यक्तिहरूलाई प्रत्यक्ष रोजगार दिइरहेको इण्डिपेण्डेन्ट क्यान उद्योगले वर्तमान उथलपुथलको बावजुद कुनै पनि उत्पादनलाई कम गर्ने सम्भावना नरहेको बरू उल्टै यसको माग बढिरहेकाले उत्पादनलाई बढाउनुपर्ने आवश्यकता उनले औंल्याए ।

हचुथरले ट्रम्पको पहिलो राष्ट्रपतीय कार्यकालमा स्टिलमा गरिएको कर वृद्धिका कारण आयोवामा कम्पनीको एउटा प्लान्ट गत वर्ष आंशिकरूपमा बन्द भएको बताए ।

### मूल्यवृद्धि

'यदि राष्ट्रपतिले घोषणा गरिएको इस्पातमा ५० प्रतिशतसम्म कर लगाइएमा आफ्नो उद्योगले अन्ततः २० प्रतिशतभन्दा बढी मूल्यहरू बढाउनुपर्ने छ किनकि टिनप्लेटले उसको उत्पादन लागतको एक भागको प्रतिनिधित्व गर्दछ,' हचुथरले भने ।

अर्थव्यवस्थाको बारेमा चिन्ता र पर्याप्त व्यवसाय नभएको कारण केही क्रेताहरूले यस वर्ष आफ्नो अर्डरमा २० देखि २५ प्रतिशतले कटौती गरिसकेका उनले बताए । हचुथरले कोभिड-१९ संकटको आफ्नो अनुभवलाई उद्धृत गर्दै भने, 'अहिले अमेरिकीहरू अमेरिकी सामान किन्न इच्छुक देखिन्छन् तर अभावले मागलाई सम्बोधन गर्न असहज भइरहेको छ ।

उनले भने, 'महामारीको समयमाचीनसँगको आयात बन्द भएको र बन्दरगाहहरू बन्दभएकोले हाम्रो व्यापार ५० प्रतिशतले बढ्यो तर कच्चा सामग्रीको अभावमा माग पूरा गर्न असमर्थ हुनुपरेको थियो । जब महामारी समाप्त भयो, ग्राहकहरू चीनबाट खरिद गर्न थाले ।'

'आज यदि मानिसहरू हामीकहाँ आउन चाहन्छन् भने, हामी उनीहरूको माग सम्बोधन गर्ने प्रयास गर्ने छौं । यसका लागि हामीले कम्तीमा दुई वर्षको सम्झौता गर्न आवश्यक छ,' उनले भने । *रासस/एएफपी*


**साउदीमा रोजगार** — कम्पनी : Factory Asab For Manufacturing

पूर्व स्वीकृति मिति : २०८२/03/13 | LT. No. 326296 | चलानी नं. ६०२४०३७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD AND UNLOAD LABOUR | 3 | 0 | 1000 | ३६,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २४ गते (8th July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम ईजाजत नं. १२०८/०७३/०७४

**साउदीमा रोजगार** — कम्पनी : Hadi Jaber Al-Mahan General Contracting

पूर्व स्वीकृति मिति : २०८२/03/13 | LT. No. 326348 | चलानी नं. ६०२४०३५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 4 | 0 | 1200 | ४३,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २३ गते (7th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | १०,०००/– | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paradeshi Overseas Services Pvt. Ltd.
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060

**ओमनमा रोजगार** — कम्पनी : MSHARY AL TARIQ AL SARY AL RAQYAT

पूर्व स्वीकृति मिति : २०८१/07/05 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/03/15 | LT. No. 312325 | चलानी नं. ६०२२६९४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 1 | 0 | 140 | ४९,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार २३ गते (7th Jul. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com
श्रम ईजाजत नं. १६६५/०८०/८१

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १८८४०० | प्रति तोला – ० | प्रति तोला – २१४० |

# मनाइयो राष्ट्रिय धान दिवस



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रत्येक वर्ष असार १५ गते दहीचिउरा खाएर मनाइने सांस्कृतिक परम्परा आइतबार मनाइएको छ । खेतमा रोपाइँ गरी दहीचिउरा खाएर मनाइने यो सांस्कृतिक परम्परा रोपाइँ सुरु हुन थालेदेखि नै मनाउन थालिएको हो । असार मुठी रोपेर मुरी उमार्ने महिनाका रूपमा सदियौंदेखि लिइँदै आएको महिना हो । वि.सं. २०६२ देखि भने यो दिनलाई राष्ट्रिय धान दिवसका रूपमा पनि मनाउन थालिएको छ ।

किसान वर्षभरका लागि छाक जुटाउन यो महिना खेतीमा व्यस्त हुन्छन् । व्यस्त हुने महिनाको मध्यमा अर्थात् १५ गते दहीचिउरा खाएर धान दिवस मनाउने परम्परा नेपाली समाजमा चल्दै आएको छ । आजका दिन असारे भाकामा लोकदोहोरी गाउँदै छुपुछुपु हिलोमा धान रोपिन्छ । 'छुपु र छुपु हिलोमा धान रोपेर छोडौंला, बनाई कुलो लगाई पानी आएर गोडौंला' जस्ता लोक लयका गीत गाएर खेतमै रमाइलो पनि गरिएको छ ।

मध्य गर्मीको यो समयमा युवा लाठे र युवती रोपाहारले खेतका गराको हिलो छ्यापा छ्याप गरेर मनोरञ्जन गर्छन् । कामको चटारोले थकित भएका किसान शक्ति प्राप्तिका लागि दहीचिउरा खान्छन् । यसबेला दहीचिउराले शरीरमा शीतलता भई शक्ति सञ्चय हुने विश्वास गरिन्छ । असार १५ गतेलाई नेपाली समाजमा दहीचिउरा खाने पर्वको रूपमा पनि लिइन्छ । खेतीपातीबाहेक अन्य पेसा र व्यवसायमा लागेका नेपालीले पनि आइतबार दहीचिउरा खाई असार १५ गत सांस्कृतिक पर्व मनाएका छन् ।

हाम्रो संस्कृतिमा दहीको स्थान महत्त्वपूर्ण छ । शुभकार्यका लागि घरबाहिर निस्कने, विदेश जाने आदि महत्त्वपूर्ण काम गर्नुअघि दही अक्षता मुछेर निधारमा रातो टीका लगाउने परम्परा छ । यस्ता शुभकाममा निस्कनुअघि सगुनका रूपमा पनि दही खुवाएर बिदाइ गरिन्छ । निस्कने बेलामा दही खाएर हिँडे साइत पर्ने जनविश्वास रही आएको छ ।

दही वैज्ञानिक दृष्टिले पनि स्वास्थ्यवर्द्धक मानिन्छ । गुरु गोरखनाथले नेपालको एकीकरणकर्ता तत्कालीन श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहलाई दही खान दिएर पराक्रमी हुने भविष्यवाणी गरेका थिए भनिन्छ । आयुर्वेदमा भोजनको अन्त्यमा दही मथेर बनाएको मोही पिएमा औषधि उपचारका लागि स्वास्थ्यकर्मीकहाँ जानु नपर्ने बताइएको छ । 'भोजनान्ते पिबेत् तक्रं वैद्यस्य किं प्रयोजनम्' भन्नेजस्ता वाक्य पनि आयुर्वेदमा उल्लेख गरिएको छ । दहीले पाचन शक्ति पनि बढाउँछ ।

पखाला लागेका बेला दहीचिउरा खाएमा औषधिको काम गर्छ । यसैले दहीचिउरा खाने संस्कारले नेपाली संस्कृतिमा बृहत् रूप लिएको छ । यसरी असार १५ गते नेपाली समाजमा राष्ट्रिय सांस्कृतिक पर्व बन्न सफल भएको छ । परम्परादेखि असार धान रोप्ने महिनाका रूपमा परिचित हुँदै आएको हो । २०६१ मंसिर २९ गते मन्त्रीस्तरीय निर्णय गरी २०६२ असार १५ गतेदेखि राष्ट्रिय धान दिवस मनाउन थालिएको हो । यसै अनुसार आइतबार २२औं धान दिवस देशभर विभिन्न कार्यक्रम गरी मनाइएको छ । कृषिप्रधान देश भएकाले नेपालका अधिकांश नागरिकको पेसा खेतीपाती हो ।

असार १५ बितिसक्दा पनि देशका सबै भागमा पानी नपरेका कारण हुनुपर्ने जति धान रोपाइँ हुन नसकेका खबर सार्वजनिक भएका छन् । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले पर्याप्त मात्रामा रासायनिक मलको मौज्दात रहेको जनाए पनि कतैकतै भने किसानले मल नपाएको गुनासो गरिरहेका छन् । रासायनिक मल बिक्री गर्न स्थानीय सरकारलाई जिम्मेवार बनाइएको छ । स्थानीय तहले छनोट गरेका सहकारीमार्फत रासायनिक मल बिक्री वितरण हुने व्यवस्था गरिएको छ । सहकारीले व्यवस्थितरूपमा मल वितरण नगर्दा किसान मर्कामा परेका हुन् ।

## 'उत्पादन बढाउन वैज्ञानिक विधिको प्रयोग गर्नुपर्छ'

**काठमाडौं (प्रस)–** कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले धान उत्पादन वृद्धि गर्न वैज्ञानिक विधिको प्रयोग गर्नुपर्ने बताएका छन् ।

कृषि विभागले आइतबार आयोजना गरेको २२औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवमा मन्त्री अधिकारीले मुलुकमा दिगो र समृद्ध अर्थतन्त्र निर्माण गर्न कृषि उत्पादन वृद्धि गर्नुपर्ने बताए । कृषिमा आधुनिकीकरण आवश्यक रहेको उल्लेख गर्दै उनले कृषि पेसालाई थप व्यवस्थित र मर्यादित बनाउन सरकारले कृषक कल्याणका विविध कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले खाद्यसुरक्षामा किसानलाई जागरूक बनाउन उनीहरूको जीवनस्तर सुधार गर्नुपर्ने त्यसका लागि कृषि क्षेत्रमा सुधार आवश्यक रहेको बताए । उनले धानबालीको उत्पादनमा सुधार ल्याइ खाद्यसुरक्षामा योगदान पुऱ्याउनुपर्नेमा जोड दिँदै, जलवायु अनुकूल प्रजातिको प्रवर्द्धन गर्नुपर्ने बताए ।

कृषि विभाग, बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्रलगायत संस्थाको समन्वयमा भएको महोत्सवमा धानसम्बन्धी प्रदर्शनी, जानकारीमूलक कार्यक्रम, पोस्टर, सन्देशलगायतका सामग्री प्रकाशित र प्रसारण गरिएका थिए ।



**रोपाइँ महोत्सव** | संखुवासभाको मादी नगरपालिका–४ उमृङ गाउँमा कृषि ज्ञान केन्द्र संखुवासभा र मादी नगरपालिकाले आइतबार आयोजना गरेको २२औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव । *तस्बिर: भविन कार्की/रासस*

## भ्याट पुनरावलोकन गर्न अर्थमन्त्रीको ध्यानाकर्षण

**काठमाडौं (प्रस)–** नेपाल चेम्बर अफ कमर्सले आगामी आर्थिक वर्षको बजेटमार्फत विलासिता र भ्याटमा लगाइएको करमा पुनरावलोकन गर्न अर्थमन्त्री विष्णुप्रसाद पौडेलको ध्यानाकर्षण गराएको छ ।

सुनमा प्रस्ताव गरिएको दुई प्रतिशत विलासिता कर र हिरालगायत बहुमूल्य पत्थरमा लगाइएको १३ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) अव्यावहारिक र उपभोक्तामा समेत गम्भीर असर गर्ने भएकाले पुनरावलोकन गर्न चेम्बरले अर्थमन्त्री पौडेलको ध्यानाकर्षण गराएको हो । चेम्बर अध्यक्ष कमलेशकुमार अग्रवाल नेतृत्वको पदाधिकारी टोलीले सिंहदरबारमा अर्थमन्त्री पौडेलसमक्ष बजेटमा उल्लिखित विलासिता कर र भ्याट पुनरावलोकनको व्यवस्था वर्तमान आर्थिक अवस्थाको प्रतिकूल हुने बताएको छ ।

सरकारको कर नीतिले नीतिले सुनचाँदी तथा रत्न आभूषणको व्यवसाय नै सञ्चालन गर्न नसकिने र यो क्षेत्रमा लाखौं जनशक्तिले रोजगारीसमेत गुमाउने अवस्था आएकाले सरकारको निर्णय पुनरावलोकन गर्न अध्यक्ष अग्रवालले अर्थमन्त्री पौडेलको ध्यानाकर्षण गराए । चेम्बर पदाधिकारीहरूसँगको भेटका क्रममा अर्थमन्त्री पौडेलले चेम्बर अफ कमर्सले दिएको सुझावलाई आफूले गम्भीरताका साथ लिने प्रतिबद्धता जनाए । उनले सरोकारवाला निकायसँग छलफल गरेर समस्या समाधान गर्ने बताए ।

## नेप्सेमा दोहोरो अंकको सुधार




**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको सुधार देखिएको छ । साताको पहिलो कारोबार दिन आइतबार नेप्से परिसूचक २६.५३ अंकले बढेर दुई हजार ६२२.२८ को बिन्दुमा उक्लिएको हो ।

आइतबार ३२८ कम्पनीको एक करोड ६६ लाख ४३ हजार ११४ कित्ता सेयर ७४ हजार ७५२ पटक खरिदबिक्री भएका थिए । यसबाट सात अर्ब १२ करोड १७ लाख ३६ हजार रूपैयाँबराबरको कारोबार भएको नेप्सेले जनाएको छ । आइतबारको कारोबारमा उत्पादन तथा प्रशोधन समूह ०.५६ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ ।

सबैभन्दा बढी बैंकिङ दुई प्रतिशतले बढेको छ । त्यस्तै, विकास बैंक १.६१, वित्त ०.६४, होटल तथा पर्यटन ०.०९, जलविद्युत् ०.५४, लगानी ०.३२ र जीवन बिमा समूह ०.८२ प्रतिशतले बढेको छ । लघुवित्त समूह १.५८, म्युचुअल फण्ड ०.३७, निर्जीवन बिमा ०.४२, व्यापार ०.२७ र अन्य समूह १.३५ प्रतिशतले बढेको छ ।

आइतबार सबैभन्दा बढी सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको सेयर मूल्य ९.९९ प्रतिशतले बढेको छ । जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको सेयर मूल्य सबैभन्दा बढी ५.५७ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका सेयर संख्याका आधारमा आइतबार सबैभन्दा बढी साहस ऊर्जा लिमिटेडको ५७ करोड ८६ लाख ८८ हजार रूपैयाँबराबरका नौ लाख ७५ हजार ५९८ कित्ता सेयर किनबेच भएको तथ्यांक छ ।

**कर्पोरेट**

## एनबिएको सातवटै प्रदेशमा बैंकिङ क्षेत्रको जोखिम न्यूनीकरणसम्बन्धी प्रशिक्षण



**काठमाडौं (प्रस)–** नेपाल बैंकर्स संघ (एनबिए) ले बढ्दो जलवायु परिवर्तनको प्रभावलाई कम गर्दै बैंकिङ क्षेत्रमा देखिएको जोखिमलाई न्यूनीकरण गरी यस क्षेत्रलाई दिगो र वातावरणमैत्री बनाउन बृहत् प्रशिक्षण सञ्चालन गरेको छ । मुलुकका सातवटै प्रदेशमा सञ्चालन गरिएको उक्त प्रशिक्षणमा ३०० भन्दा बढी बैंकमा कार्यरत कर्मचारी र बैंकका प्रदेश प्रमुख, शाखा प्रबन्धक, क्रेडिट तथा जोखिम विभागका अधिकृतहरूलाई सहभागी गराइएको जानकारी दिइएको छ ।

इएसजी विषयमा दक्षता हासिल गरेका प्रशिक्षकहरूको नेतृत्वमा सञ्चालित कार्यक्रममा प्रशिक्षकले सहभागीहरूको दिगो वित्त विकाससम्बन्धी व्यावहारिक ज्ञान प्रदान गरिएको संघले जनाएको छ । कार्यक्रमा इएसजी विषयको सैद्धान्तिक र व्यावहारिक पक्ष, नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको इएसआरएम निर्देशिकाको कार्यान्वयन र यसमा देखिएका चुनौतीका साथै राष्ट्र बैंकले भर्खरै जारी गरेको ग्रिन फाइनान्स टयाक्सोनोमीको अवधारणा, यसका सिद्धान्त, हरित परियोजनाहरू पहिचान र वर्गीकरणबारे सहभागीहरूलाई जानकारी गराइएको थियो । नेपालमा दिगो वित्त कार्यान्वयनमा देखापरेका चुनौतीहरू तथा त्यसले सिर्जना गरेको अवसरहरूका बारेमा पनि जानकारी गराइएको संघद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

## ग्लोबल आइएमईले धान दिवसमा ल्यायो 'धानखेती कर्जा'




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले राष्ट्रिय धान दिवसको अवसरमा 'धानखेती कर्जा' सार्वजनिक गरेको छ । सरकारको आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा मुलुकलाई आगामी दुई वर्षमा धानमा आत्मनिर्भर बनाउन लिएको रणनीतिलाई सहयोग पुऱ्याउने उद्देश्यले बैंकले धानखेती कर्जा सार्वजनिक गरेको हो ।

यस योजनाअन्तर्गत कृषकले धानको बीउ, रासायनिक तथा जैविक मल, कृषि उपकरणहरू तथा अन्य आवश्यक कृषि सामग्रीहरू खरिद गर्न बैंकबाट २० लाख रूपैयाँसम्म कर्जा पाउने बैंकले जानकारी दिएको छ । खेतीयोग्य जमिनको सदुपयोग गर्न धानखेती गरी कृषकको आम्दानी बढाइ कृषि पेसालाई मर्यादित र व्यावसायिक बनाइ कृषकहरूलाई प्रोत्साहन गर्नका लागि यो कर्जा योजना सार्वजनिक गरिएको बैंकको भनाइ छ ।

धान दिवसको अवसरमा बैंकले टोखा नगरपालिका-१, राधाकृष्ण मन्दिर नजिकै रहेको फाँटमा बैंकका कर्मचारी तथा स्थानीयको सहभागितामा धान रोपाइँ आयोजना गरेकोसमेत जानकारी दिइएको छ । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीसहित बैंकका कर्मचारी तथा स्थानीयहरूको सहभागिता रहेको थियो ।

## सन् नेपालको एएमएल सिएफटीसम्बन्धी प्रशिक्षण




**काठमाडौं (प्रस)–** सन् नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडले एएमएल सिएफटीसम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रम राजकुमार अर्याल, कवि फुयाँल, गणेश चौलागाइलगायतका कम्पनीका विभागीय प्रमुखहरू, प्रदेश प्रमुखहरू तथा वरिष्ठ व्यवस्थापकहरूको उपस्थितिमा सञ्चालन भएको कम्पनीले जानकारी दिएको छ ।

उक्त कार्यक्रममा कानुनी विभाग प्रमुख सुवास भण्डारीले एएमएल सिएफटीसम्वन्धि प्रशिक्षण दिएका थिए । कार्यक्रममा विद्यमान एएमएल सिएफटी ऐन, त्यसका प्रमुख प्रावधानहरू, रिपोर्टिङ दायित्व, एफआइयूको भूमिका र बिमा कम्पनीमा लागू हुने नीतिगत तथा व्यावहारिक पक्षहरूका बारेमा प्रशिक्षण दिइएको थियो ।

कम्पनीले यस्तो कार्यक्रममार्फत पारदर्शिता, उत्तरदायित्व र कानुनी अनुपालनमा प्रतिबद्धता जनाउँदै आएको जनाएको छ । यसले सबै विभागले नियमनकारी निकायको मापदण्डअनुसार कार्य गर्नुपर्ने विषयमा स्पष्ट दिशा दिएको कम्पनीको भनाइ छ ।

सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा
अत्यन्त जरुरी सूचना !

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरेवापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०८२ असार मसान्तभित्र** भुक्तानी गरी हरहिसाब मिलान गर्नुहुन सादर अनुरोध गर्दछौं ।

अन्यथा, यस अवधिभित्र हिसाब फछ्यौट तथा मिलान नगरिएमा यस कम्पनीको रेकर्डमा रही आएको हिसाब नै अन्तिम मानिने जानकारी समेत गराउँदछौं ।

अतः सम्पूर्ण विज्ञापनदाता तथा एजेन्सीहरूसँग सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने अपेक्षा गर्दछौं ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ